# सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङकन , विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोस्रो वर्ष (Ed. CE. 598) को आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोधपत्र

**प्रस्तुतकर्ता**

यमकुमार चाम्लिङ्ग

त्रि.वि. दर्ता नं. :- २६५९८-९०

परीक्षा रोल नं. :- २१८००७८/०६८

रोल नं. :- १२६-२०६६/२०६७

जनता बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङकन विभाग

इटहरी, सुनसरी

चैत्र, २०७३

# सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन , विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोस्रो वर्ष (Ed. CE. 598) को आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोधपत्र

**प्रस्तुतकर्ता**


यमकुमार चाम्लिङ्ग

त्रि.वि. दर्ता नं. :- २६५९८-९०

परीक्षा रोल नं. :- २१८००७८/०६८

रोल नं. :- १२६-२०६६/२०६७

जनता बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

इटहरी, सुनसरी


चैत्र, २०७३

| | |
|---|---|
| शोधपत्र पेश गरेको मिति | शोधपत्र भाईभा मिति |
| वि.सं २०७३/१२/१५ | वि.सं २०७३/१२/२५ |
| इ.सं २८ मार्च २०१७ | इ.सं ७ अप्रिल २०१७ |

# प्रतिवद्धता पत्र

प्रस्तुत सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका शीर्षकको शोधपत्र धरान स्रोत केन्द्र अर्न्तगत पर्ने ३५ वटा विद्यालयहरुमध्ये ६ वटा आधारभूत र १० वटा माध्यमिक विद्यालयलाई आधारमानी तथ्याङक संकलन , जनसंख्या नमूना छनौट गरी तयार पारिएको हो । यस विषयमा कुनै निकायवाट झुठो ठहरिएमा वा अन्यथा भएमा म स्वयम् जिम्मेवार हुने छु ।

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङकन विषयमा स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पुरा गर्नका लागि **सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका** शिर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरेको छु । शोध प्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नु हुने पाठ्यक्रम तथा मूल्याङकन विभाग जनता बहुमुखी क्याम्पसका विभागीय प्रमुख टोलनाथ काफ्लेप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना लेखनदेखि नै मार्ग निर्देशन, सुझाव एवं सहयोग गर्नु हुने शोध निर्देशक श्री टोलनाथ काफ्लेप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । त्यसैगरी जनता बहुमुखी क्याम्पस इटहरी सुनसरी पाठ्यक्रम तथा मूल्याङकन विभाग अन्तर्गतका सम्पूर्ण गुरुहरू प्रति पनि सहयोगको लागि हार्दिक आभार व्यक्त गर्दछु । साथै सोधपत्रको लागि आवश्यक तथ्याङ्क र सुचनाहरू उपलब्ध गराई दिने, प्रश्नावली फारामहरू भरी सूचना र तथ्याङ्क दिने धरान श्रोतकेन्द्र अन्तर्गतका मेरो अध्ययनको लागि छनौटमा परेका सबै सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावक सबैमा आभार प्रकट गर्दछु ।

अन्त्यमा स्नातकोत्तर अध्ययनका लागि पटक पटक घच्घच्याएर यस तर्फ प्रेरणा दिदै अध्ययनको क्रममा आवश्यक पर्ने सम्पूर्ण वातावरण सृजना गरिदिनु हुने आदरणीय मित्र श्री भिम खवासज्यू प्रति विशेष कृतज्ञता प्रकट गर्दछु । साथै यस सोध पत्रलाई अन्तिम रूप दिन कम्प्युटर सेटिङ गरी सहयोग पुऱ्याउन हिमाल कम्प्युटर इन्टिच्यूट धरान ९ का भाई चैतन्य बज्राचार्यले शुरुदेखी अन्त्यसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइदिनु भएकोमा म उहाँ लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

यमकुमार चाम्लिङ्ग

# शोधसार

**सामुदायिक विद्यालयहरूमा  सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका** विषयक शीर्षकमा गरिएको यस शोधकार्यमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिकाको लेखाजोखा गर्ने मूख्य उद्देश्य रहेको छ । ३५ वटा विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष ,शिक्षक र अभिभावक समेत गरी ३५/३५ जना र १ जना स्रोत व्यक्तिलाई समेत गरी जम्मा १७६ जना जनसंख्याको रूपमा रहेका छन् । प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, शिक्षक अभिभावक संघका अध्यक्ष र अभिभावक समेत गरी १६/१६ जना र १ जना स्रोत व्यक्तिलाई समेत गरी जम्मा ८१ जनालाई नमूना छनोटको रूपमा लिइएको छ ।

अध्ययनको क्रममा सुनसरी जिल्ला धरान स्रोतकेन्द्र अन्तगर्तको सबै तहका सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, अभिभावक तथा स्रोत व्यक्तिसँग प्रत्यक्ष अन्तर्वार्ता, प्रश्नावलीको प्रयोग गरी आवश्यक जानकारी, सूचना र तथ्याङक संकलन गरिएको छ ।

यस अध्ययनको सैद्धातिक खाका वैज्ञानिक व्यवस्थापन सिद्धान्त, मानव सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ । अनुसंन्धानलाई अगाडि बढाउन परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने उद्देश्यपूर्ण नमूना र आनुपातिक प्रतिनिधित्व हुने गरी समूह विभाजन विधिद्वारा नमूना छनौट गरिएको छ ।

विद्यालयका धेरै जसो सरोकारवालाहरूलाई सामाजिक परीक्षणका सम्बन्धमा सामान्य जानकारी समेत नभएको पाइयो । विद्यालयहरूमा आर्थिक कारोवारहरू गर्ने र सोको अभिलेख राख्ने धेरै जसो प्र.अ.हरू आफैले गर्ने  गराउने गरेको पाइएको छ । विद्यालयको आय तथा जिन्सी सामानको जवाफदेहि व्यक्ति प्र.अ. स्वयम् भएता पनि त्यसको अभिलेख राख्ने र खोजि निती गर्ने कार्य शिक्षक अभिभावक संघका पदाधिकारीहरूले गर्नु पर्ने कुरा अध्ययनमा पाइएको छ । धेरै जसो विद्यालयहरूमा सामाजिक परीक्षण औपचारिकतामा मात्र सिमित रहेको र उक्त प्रतिवेदनहरू सार्वजनिक कमै रूपमा गर्ने गरेको पाइएको  छ । सामाजिक परीक्षणको कार्यान्वयन क्रमश : बढ्दै गरेको छ । अभिभावक तथा सरोकारवालाहरूले यसको महत्व र मर्म बुझ्न थालेको अध्ययनले जनाएको  छ ।

विद्यालयका सरोकारवालाहरूमा सामाजिक परीक्षण सम्बन्धि अभिमूखिकरण तालिम र गोष्ठीको आवश्यकता देखिन्छ । तालिम र गोष्ठीले उनिहरूमा क्षमता अभिवृद्धि गर्ने कुरा औल्याएको छ । विद्यालयको आर्थिक तथा जिन्सी सामानहरूको अभिलेख राख्न प्र.अ.तथा लेखापाललाई सो सम्बन्धि तालिम दिनुपर्ने देखिन्छ । वार्षिक कार्यक्रम निर्माण, कार्यान्वयन, विद्यार्थी प्रगति विवरण र उपलब्धीको तथ्याङ्क समय-समयमा अभिभावक तथा सरोकारवालाहरूलाई जानकारी गराउनु पर्दछ । विद्यालयमा भएका, हुने गरेका कार्यक्रम ,नगद तथा जिन्सी आम्दानी विवरणको चार्ट बनाई राख्ने व्यवस्था गर्नुपर्दछ । विद्यालयका सरोकारवालाहरूबीच प्रभावकारी संचार कायम गरी महत्वपूर्ण योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा सबैलाई संलग्न र सहभागी गराउदै लैजानु पर्दछ ।

## सङ्क्षिप्त शब्दावलीहरू

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| आधारभूत तह | कक्षा १ देखि ८ सम्मका विद्यालय |
| मा.वि. | कक्षा १ देखि १२ सम्मका विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.सं. | शिक्षक अभिभावक संघ |
| सा.प.स. | सामाजिक परीक्षण समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |

# विषयसूची


| | पेज नं. |
|---|---|
| वाह्य पृष्ठ | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| प्रतिवद्धता पत्र | घ |
| कृतज्ञता ज्ञापन | ङ |
| शोधसार | च |
| संक्षिप्त शब्दावली | ज |
| विषयसूची | झ |
| तालिका सूची | ठ |
| **परिच्छेद :एक** | |
| **१.** परिचय | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५ अनसन्धानात्मक प्रश्नहरू | १० |
| १.६ अध्ययनको परिसीमा | ११ |
| १.७ शब्दावलीको परिभाषा | ११ |
| **परिच्छेदः दुई** | |
| २. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ सैद्धान्तिक खाका | २३ |
| २.३ पुनरावलोकनको उपदेयता | २३ |

## परिच्छेदः तीन

३.अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा २५

३.२ जनसंख्या २५

३.३ नमूना छनोट २५

३.३.१ नमुनाको आकार २५

३.३.२ नमुना छनोट विधि २६

३.३.३ नमुना छनोटको आधार २६

३.४ अनुसन्धानका साधनहरू २६

३.४.१ सामुहिक प्रश्नावली २६

३.४.२ व्यक्तिगत प्रश्नावली २६

३.४.३ अर्न्तवार्ता निर्देशिका २७

३.४.४ साधनहरुको वैधता निर्धारण २७

३.५ सूचना संकलन प्रकिया २७

३.५.१ अभिलेख अध्ययन २७

३.५.२ नीतिगत दस्तावेज अध्ययन २७

३.५.३ प्रश्नावलीको प्रयोग २७

३.५.४ अर्न्तवार्ता २७

३.६तथ्याङ्क संकलन विधि २८

३.७ तथ्याङ्क विश्लेषण विधि २८

## परिच्छेदः चार

४.तथ्याङ्कको व्याख्या तथा विश्लेषण


४.१ सामाजिक परीक्षणको वर्तमान अवस्था २९

४.१.१ समयमा सामाजिक परीक्षण गर्ने ३०

४.१.२ समय वितेपछि सामाजिक परीक्षण गर्ने ३०

४.१.३ सामाजिक परीक्षण गर्दै नगर्ने ३०

४.१.४ सामाजिक परीक्षण नगर्दा कारबाहीमा परेका विद्यालयहरु ३०

४.१.५ सामाजिक परीक्षणको जानकारी ३१

४.१.६ विद्यालयको भौतिक तथा जिन्सी अभिलेख ३२

४.१.७ विद्यालयको आर्थिक अभिलेखीकरणको कारोबार ३२

४.१.८ विद्यालयको भौतिक, जिन्सी अभिलेख राख्ने शैली ३३

४.१.९ सामाजिक परीक्षणको असर ३४

४.२ सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका ३५

४.२.१ प्रतिवेदनको सार्वजनिकीकरण अवस्था ३५

४.२.२ विद्यालयको आर्थिक कारोबारको जवाफदेहिता ३७

४.२.३ भौतिक तथा जिन्सी सामानको जवाफदेहिता ३८

४.२.४ सामाजिक परीक्षणबाट अभिभावकहरूको जवाफदेहिता ३९

४.३ सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरू ४०

४.३.१ जानकारीको अभाव ४१

४.३.२ अभिमुखीकरणको अभाव ४१

४.३.३ समयको अभाव ४१

४.३.४ प्रोत्साहनको अभाव ४१

४.४ सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरू ४२

४.४.१ सचेतना कार्यक्रम ४२

४.४.२ अभिमुखीकरण तालिम ४२
४.४.३ शिक्षक अभिभावक संघ सक्रिय हुनु पर्ने ४२
४.४.४ पुरस्कार र पृष्ठपोषण ४३
४.४.५ कामको बाडँफाँड ४३
४.४.६ अनुगमन तथा निरीक्षण ४३

## परिच्छेद :पाँच

५: प्राप्ति, निष्कर्ष र सुझावहरू
५.१ प्राप्ति ४४
५.२ निष्कर्ष ४६
५.३ सुझावहरू ४८
*सन्दर्भगन्थ्र सूचि*
*अनुसूचिहरू*

## तालिका सूचि

पेज नं.
१ सामाजिक परीक्षणको जानकारी ३१
२ विद्यालयको भौतिक, जिन्सी अभिलेख राख्ने शैली ३३
३ सामाजिक परीक्षणको असर ३४
४ प्रतिवेदनको सार्वजनिकीकरण अवस्था ३६
५ आर्थिक कारोबारको जवाफदेहिता ३७
६ भौतिक तथा जिन्सी सामानको जवाफदेहिता ३८
७ सामाजिक परीक्षणबाट अभिभावकहरूको जवाफदेहिता ३९

# परिच्छेद : एक

## १. परिचय

### १.१ पृष्ठभूमि

शिक्षामा लगानी गर्नु भनेको दक्ष जनशक्ति उत्पादन गर्नु हो । शिक्षालाई स्वाभिमानी, आत्मनिर्भर, जागरुक, कर्मशील, लगनशील, दक्ष उत्पादनशील जनशक्ति उत्पादन गर्ने सर्वोत्तम साधन मानेको छ । शिक्षाको उज्यालो घामबाट राष्ट्रको औद्योगिक, कृषि, वाणिज्य, पर्यटन, अर्थतन्त्र, नयाँ–नयाँ प्रविधि आदी क्षेत्रको विकास गरी अर्थतन्त्रको संरचनामा व्यापक परिवर्तन ल्याउन सकिने छ । यसर्थ शिक्षालाई मानवको अत्यन्त आवश्यकताको रूपमा बुझ्न थालिएको छ । मानवको अनन्त आवश्यकताको पूर्ति गर्न शिक्षाले महत्वपूर्ण भूमिका खेल्नेछ । मानविय जीवन शैलीको आवश्यकताको स्तरलाई माथि उठाउन शिक्षाको प्रमुख भूमिका रहने छ ।

शिक्षाको अभावमा मुलुकको नागरिकलाई समय र वदलिदो समाज सापेक्ष जनशक्ति उत्पादन गर्न कठिनाई हुनेछ । त्यसैले शिक्षामा लगानी वृद्धि गर्न अति आवश्यक छ । शिक्षाको विकासक्रमको शुरुमा शिक्षामा थोर बहुत समुदायको लगानी थियो । लगानी गर्न सक्ने व्यक्ति र समाज शिक्षित र उनीहरूको जीवन गुणस्तर उच्च भयो भने लगानी गर्न नसक्ने व्यक्ति र समाज अशिक्षित र दयनीय जीवन जीउन बाध्य हुनेछन् । गरीव, विपन्न, पिछडिएका भएकै कारणले त्यस्तो समाज र आफू साथै उसले गर्नुपर्ने देशप्रति जिम्मेवारी र सहयोग दिन सक्दैन । उनीहरू राज्यको हरेक गतिविधिबाट बन्चित रहेको छ । ती नागरिकहरूले पनि देश, समाज र व्यक्तिका लागि केही गर्न सक्थे तर त्यस्तो अवसर उनीहरूले पाउन सकेन भने उनीहरूलाई पनि शिक्षाको मूलधारमा समेट्न राज्यहरूले शिक्षामा लगानी वृद्धि गर्न थालेको छ । स्वास्थ्य संचार, सडक, विद्युत, खानेपानी, आदि क्षेत्रमा सरकारले लगानी विस्तार गर्नुपर्ने भएता पनि शिक्षामा लगानी वृद्धि निरन्तर गर्दै आइरहेको छ । जवसम्म शिक्षामा पर्याप्त लगानी भित्र्याउन सकिदैन तबसम्म स्तरीय र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिदैन (काफ्ले र साथीहरू, २०६५) ।

लगानी विनाको शिक्षा गुणस्तरीय नहुने भएकोले राज्यले शिक्षामा गर्दै गरेको लगानीमा वृद्धि गर्नुको विकल्प छैन । लगानीमा उल्लेख्य वृद्धि गर्नुका साथै स्थानीय सहभागीता वृद्धि गर्न,

शिक्षा निति नियम, प्रक्रिया र कार्यान्वयनलाई प्रभावकारी ढंगले अगाडी बढाएमा मात्र शिक्षामा खोजेको जस्तो गुणस्तर प्राप्त गर्न सकिन्छ ।

विद्यालय एउटा सानो समाज हो । विद्यालयमा विभिन्न स्रोतबाट आम्दानी हुने गर्दछन् र विभिन्न शीर्षकमा खर्च पनि हुने गर्दछ अर्थात विभिन्न किसिमका आर्थिक र सामाजिक कार्यहरू हुने गर्दछ । ती गतिविधिहरू वैज्ञानिक प्रणालीको सिद्धान्तमा आधारित भएर त्यसका अभिलेखहरू राख्नु पर्दछ । विद्यालयले शैक्षिक लक्ष्यहरूको अलावा भौतिक तथा आर्थिक लक्ष्यहरू आवधिक रूपमा तय गरेका हुन्छन् यसरी तय गरेका लक्ष्यहरूअनुसार विद्यालयले के कस्ता कार्यक्रमहरू पुरागर्न सके उपलब्धि कति प्राप्त भयो भन्ने विषयमा आवधिक मूल्याङ्कन गर्नु जरुरी हुन्छ । विद्यालयमा भएका यस्ता विभिन्न क्रियाकलापहरूको लेखाजोखा एउटा वित्तिय लेखा प्रणाली (अडिट) ले मात्र पुग्दैन । वित्तिय लेखा प्रणालीले विद्यालयको चल-अचल सम्पतिको लेखाजोखा गर्दछ । विद्यालयको शैक्षिक गुणस्तरको बारे लेखाप्रणाली पूर्ण मौन रहने गरेको छ । लेखा प्रणाली विशुद्ध आर्थिक कारोबारको मात्र लेखाजोखा गर्दछ ।

वित्तीय लेखा प्रणालीले एक आर्थिक वर्ष भित्र भएका आर्थिक कारोबारको नियमितता, प्रभावकारिता, औचित्य, मितव्ययिता, कार्यदक्षता, पारदर्शिताको मात्र परीक्षण गर्ने कार्य गर्दछ । लेखापरीक्षणले अन्य पक्ष जस्तै शैक्षिक उपलब्धि, विद्यार्थीको नियमितता, शिक्षक उपस्थिति, विद्यार्थीको व्यक्तित्व विकास, वि.व्य.स.को काम कर्तव्य, अधिकारको प्रयोग, विद्यालय खुलेको दिन, पढाई भएको दिन, सिकाई उपलब्धि आदी बारे केही बोल्दैन । यसको बारेमा सामाजिक परिक्षण बोल्छ । एक शैक्षिक सत्र भित्र विद्यालयले सामाजिक उत्तरदायित्वको क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेको कार्यहरूको मूल्याङ्कन सामाजिक परिक्षणले गर्दछ । शि.अ.संघले यसरी विद्यालयहरूमा हुने गरेका सम्पूर्ण गतिविधिको अभिलेख राख्दै समय समयमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्दा विद्यालय प्रति अभिभावकहरूको विश्वास र चासोमा वृद्धि हुने छ ।

सामाजिक परीक्षण खास गरी व्यवसायिक क्षेत्रबाट शुरु भएको इतिहास पाइन्छ । व्यवसायको समाजप्रति उत्तरदायित्व भएकाले सन् १९५० मा हर्वाड आर वोवेनले सामाजिक परीक्षणको अवधारणा भित्र्याएका थिए । यसको शुरुबाट व्यवसायिक जगत्बाट भएपनि हाल

गैरसरकारी र सरकारी संघ संस्थामा यसको कार्यान्वयनमा जोड दिइएको छ । खासगरी सामुदायिक उत्तरदायित्व बहन गरेका संघ-संस्थाहरूमा यस्तो प्रकारको परीक्षण गर्दा सर्वसाधारणको चासो संस्थाप्रतिको विश्वास बढ्ने र संस्थाको सम्पूर्ण गतिविधि पारदर्शी भई सहयोग प्रदान हुनेछन् (खड्का, २०६२) ।

सामाजिक परीक्षण विकेन्द्रिकरणको सिद्धान्तमा आधारित छ । स्थानीय स्तरमा स्रोत र साधन के कति छन् ? कस्ता लक्ष्य र उद्देश्यहरू निर्धारण गरेका छन् ? विद्यालयले वर्ष भरिमा के कति उपलब्धि प्राप्त गर्न सफल भएको छ ? विद्यालय खुलेको पढाई भएको दिन वर्ष भरिमा शिक्षकहरू कति हाजिर भए, को को , कुन कुन विदामा बसे विद्यार्थी उपस्थिति सिकाइ उपलब्धिको अवस्था कस्तो छ ? शिक्षक विद्यार्थीको अवस्था कस्तो छ ? विद्यालयको भौतिक अवस्था, भवन, कक्षा कोठा , फर्निचर खेलमैदान, खेल सामग्री पुस्तक र पुस्तकालयको अवस्था शौचालय, शुद्ध पिउने पानी, शैक्षिक सामग्रीको निर्माण, प्रयोग र भण्डारण कक्षाकोठा व्यवस्थापन उपयुक्त छ वा छैन आदिको अवस्थाबारे वि.व्य.स.को बैठक निर्णय प्रक्रिया गर्न, भर्नादर, कक्षा दोहोऱ्याउने , कक्षा छाड्ने दर, वार्षिक आय र व्ययको पारदर्शिता आदिको स्थानीय स्तरमा नै पत्ता लगाई सुधारका लागि आवश्यक पृष्ठपोषण समेत प्रदान गरी विद्यालयको चौतर्फि विकासमा स्थानीय जन सहभागिता वृद्धि गर्न सामाजिक परीक्षणले टेवा प्रदान गर्दछ, ( शर्मा, २०७२) ।

विद्यालयको चैतर्फी विकासमा सामाजिक परीक्षणले स्थानीय जनसहभागीतामा वृद्धि गर्ने भएकोले विद्यालयहरूमा प्र.अ., वि.व्य.स. र शि.अ.संघले माथि उल्लेखित सम्पूर्ण सूचकहरूको पारदर्शि रूपमा अभिलेख अद्यावधिक गर्दै जानु पर्छ ।

आर्थिक प्रायः धेरै जसो विद्यालयहरूमा भौतिक, शैक्षिक, गतिविधी र अतिरिक्त क्रियाकलापको अभिलेख व्यवस्थित ढंगबाट नराख्दा अभिभावक र समुदायबाट विद्यालयहरू टाढिएका छन् । विद्यालयका शैक्षिक र आर्थिक क्रियाकलापहरू संतोषजनक रहेको देखिदैन । तसर्थ सामाजिक परीक्षण केही राम्रो र सुधार ल्याउँछ कि भनी यसको प्रयोगलाई अघि बढाएको छ । शिक्षा नियमावलि २०५९ (संशोधन सहित) को नियम १७१ क मा हरेक सामुदायिक विद्यालयले प्रत्येक वर्ष भाद्र मसान्त भित्र गत आ.व. को सामाजिक परीक्षण गरी सो को

प्रतिवेदन अनिवार्य रूपमा अभिभावक भेला गरी सार्वजनिक गर्नुपर्ने र एक एक प्रति स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा पेशगर्नु पर्ने व्यवस्था रहेको छ, ( शर्मा, २०७२)।

धेरै जसो मुलुकमा शिक्षा खर्चको अधिकांश हिस्सा सरकारी स्रोतबाट नै व्यहोरिएको पाइन्छ । नेपालमा पनि सरकारी स्रोत नै शिक्षा खर्चको प्रमुख स्रोतको रूपमा रही आएको भएता पनि सरकारले सबै नागरिकहरूलाई सबै किसिमको शिक्षा दिन सक्ने अवस्था छैन । स्थानीय स्तरमा पनि स्रोत जुटाउँदै शिक्षा प्रदान गर्ने नीति लिइएमा मात्र शिक्षाप्रति आम अभिभावकहरूको चासो बढ्दछ । केन्द्रिय निकायका अधिकार र निर्णय प्रक्रियाहरूलाई स्थानीय स्तरमा हस्तान्तरण गर्दै विद्यालय व्यवस्थापनमा अभिभावकहरूलाई सहभागि गराउँदै पहुँचमा वृद्धि गर्नु विकेन्द्रीकरण हो । विकेन्द्रीकरणबाट स्थानीय अभिभावकहरूको चासो वृद्धि भई शैक्षिक प्रक्रियाको गुणस्तर र व्यवस्थापनमा सुधार आउन सक्छ । समुदायलाई विद्यालय व्यवस्थापनमा सहभागी गराई विद्यालयको सम्पूर्ण गतिविधिका बारे खुल्ला बहस, छलफल र अन्तरक्रिया गराउन सकेमा विद्यालयको गतिविधि र क्रियाकलाप पनि पारदर्शी हुने र शिक्षामा समुदायको सहभागिता पनि वृद्धि गर्न सकिन्छ । विद्यालयले गर्ने क्रियाकलाप पारदर्शी नभएमा सामुदायिक सहभागिता शून्य हुन्छ , ( शर्मा, २०७२)।

विद्यालयहरूमा भएका आर्थिक क्रियाकलापहरूको वित्तीय लेखा परीक्षण मात्र हुँदा अन्य शैक्षिक र भौतिक पक्ष खस्कँदै गएको अवस्थालाई मध्यनजर गरी हाल शिक्षा नियमावली ०५९ (संसोधन सहित) को नियम १७१ क मा हरेक सामुदायिक विद्यालयले प्रत्येक वर्ष भाद्र मसान्त भित्र गत आर्थिक वर्ष को सामाजिक परीक्षण गरी सोको प्रतिवेदन अनिवार्य रूपमा स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्ने  र उक्त प्रतिवेदनलाई अभिभावक समक्ष अनिवार्य सार्वजनिक गर्नु पर्ने व्यवस्था छ, ( शर्मा, २०७२) ।

नेपालमा औपचारिक शिक्षा प्रणालीको सुरुवात दरबार हाइस्कुलबाट भए पनि व्यवस्थित रूपमा भने वि.सं. २०१० पछि मात्र सञ्चालन भएको पाइन्छ । त्यस बेला केही विद्यालयहरूको आर्थिक स्रोत पूर्ण रूपमा सरकारी थियो भने अधिकांश विद्यालयहरूको आम्दानीको स्रोत निजी र सामुदायिक नै थियो । त्यसबेला विद्यालय लेखालाई सरकारी निकायका साथै सामुदायिक स्तरबाट पनि हेरिन्थ्यो । वि.सं. २०१० पछि शिक्षा बहुप्रणालीबाट एकल प्रणालीमा रूपान्तरण

भयो । वि.स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भए पछि प्राथमिक तह पूर्ण रूपमा निः शुल्क भयो । जसको फलस्वरूप विद्यालयहरूमा क्रमशः समुदायको चासो र सहभागिता घट्न गयो । हाल माध्यमिक तह निशुल्क भनिएता पनि केही शुल्कहरू स्थानीय स्तरबाट उठाइन्छ । तर ठूलो धन राशी भने अनुदानको रूपमा सरकारबाटै प्राप्त हुन्छ । जसले गर्दा विद्यालय व्यवस्थापनमा अभिभावकहरूको चासो र सहभागिता घट्दै गएको छ, (जसले गर्दा विद्यालय व्यवस्थापनमा अभिभावकहरूको चासो र सहभागिता घट्दै गएको छ, (शर्मा र शर्मा ०६५) । अहिले विद्यालयहरूमा आम्दानीका स्रोतहरू शुल्क, चन्दा, स्थानीय निकायबाट प्राप्त हुने अनुदान, गैह्र सरकारी निकायबाट प्राप्त सहयोग राशी र सरकारी स्रोत हुन भने खर्चमा तलब, भत्ता, खेलकुद सामग्री, शैक्षिक सामग्री, खेलमैदान, शौचालय, पुस्तकालय, छात्रवृत्ति र मसलन्द आदि पर्दछन्, (काफ्ले र साथीहरू, २०६५) ।

विद्यालयको आम्दानी खर्च गर्ने, अभिलेख राख्ने र फर्छ्याउने जिम्मेवारी प्रधानाध्यापकलाई तोकिएको छ । जिल्ला शिक्षा कार्यालयद्वारा नियुक्त लेखा परीक्षकबाट विद्यालयको अन्तिम लेखा परीक्षण गराउने व्यवस्था शिक्षा नियमावली २०५९ (संसोधन सहित) को नियम १७१ क मा व्यवस्था छ । उक्त तोकिएको लेखा परीक्षकले वित्तिय लेखा परीक्षण मात्र गर्दछ । वित्तीय लेखा परीक्षण पछि प्रधानाध्यापक आफ्नो दायित्वबाट कानुनी रूपमा मुक्त हुन्छ । उक्त व्यवस्थाले आर्थिक कारोबारमा पारदर्शिता र विश्वसनीयता देखिँदैन । त्यसैले समुदायको विद्यालय प्रति गुनासो बढ्न थालेको छ । वित्तिय लेखापरीक्षणबाट विद्यालयले समाजप्रतिको उत्तरदायित्व पूरा गऱ्यो वा गरेन स्पष्ट गर्न सक्दैन । विद्यालयले स्थानीय समुदायका अभिभावकहरूको सहयोग लिएर भर्नादर बढाउने, उत्तीर्णदर बढाउने, सिकाइ उपलब्धिदर बढाउने, भौतिक सुविधाहरू बढाउने आदि विषयमा छलफल गरी लक्ष्यहरू निर्धारण गरेर प्रत्येक आर्थिक वर्षको अन्त्यमा ती लक्ष्यहरू कति हासिल भए, कति हासिल हुन सकेनन्, ती लक्ष्यहरू हासिल गर्न कुन कुन पक्षहरू बाधक भए, सोको समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा मूल्याङ्कन गर्ने परिपाटिको विकास भएमा मात्र विद्यालयप्रति समुदायले आफ्नो चासो देखाउँछ, (खड्का, २०६२) ।

यसरी प्रधानाध्यापकद्वारा व्यवस्थित र वैज्ञानिक लेखा प्रणालीको सिद्धान्तका आधारमा लेखा नराख्ने, अनियमितता गर्ने, अभिभावकहरूलाई सोको अभिलेख सार्वजनिक नगर्ने, लेखा

परीक्षकहरूसँग मिलेर प्रधानाध्यापकले हिसाब किताब फर्छ्याउने, बित्तीय लेखा परीक्षण पछि प्रधानाध्यापक लेखाको जिम्मेबारीबाट कानुनी रूपमा मुक्त हुने प्रवृतिलाई रोक्न सबै पक्षबाट विद्यालयको कार्य सम्पादनको लेखा जोखा र मूल्याङ्कन गर्ने परिपाटीको विकास भएमा मात्र विद्यालयप्रति समुदायले चासो देखाउँछ, (खड्का २०६२) ।

विद्यालयमा गरिने आर्थिक कारोबारहरूको औचित्य दर्शाउन स्थानीय सहयोग जुटाउन, शिक्षामा जुटेको रकमको पारदर्शि हिसाब राख्न, लक्ष्य अनुसार गतिविधी संचालन गर्न र उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्न शैक्षिक संस्थाहरूमा जनविश्वास जनसहभागिता बढाउन लागत लाभ विश्लेषण गर्न, समुदायलाई सजग, सचेत , विद्यालयप्रति जिम्मेवार बनाउन सामाजिक परीक्षण आवश्यकता मात्र नभई कनुनी अनिवार्यताको रूपमा विकसित भएको छ सामाजिक परिक्षण नगरिएमा विद्यालय निकासाका लागि अयोग्य हुने भएकोले सामाजिक परीक्षण विद्यालयका लागि कानुनी र व्यवहारिक रूपमा अनिवार्य भएको छ, (शर्मा, २०५८) ।

विद्यालयले समाजको आवश्यकता अनुसारको शिक्षा पूर्ति गर्नुका साथै समाज र देशको आवश्यकता अनुसार जनशक्ति उत्पादन गर्नु पर्छ । समाजको रुची विद्यालयले पूर्ति गर्न नसके समाजको विश्वास प्राप्त गर्न सक्दैन । यसर्थ विद्यालयले समाजप्रतिको उत्तरदायित्व पूरा गर्नु पर्छ । समाजको सबैभन्दा विश्वसनीय अग्रणी संस्थाको रूपमा विद्यालयलाई स्थापित गर्न विद्यालय व्यवस्थापकले सामाजिक परीक्षण गर्नु अपरिहार्य हुन्छ । विद्यालयका प्र.अ., शिक्षक, शिक्षक अभिभावक संघ, वि.व्य.स. आदीलाई आ-आफ्नो कर्तव्य र अधिकार प्रति जिम्मेवार बनाउने कार्यमा सामाजिक परीक्षणले मद्दत पुऱ्याउँछ । सामाजिक परीक्षणले विद्यालयको सबै पक्षको चौतर्फि विकासद्वारा विद्यार्थीको उच्च सिकाई उपलब्धि सुनिश्चित गर्नुका साथै विद्यालयको आन्तरिक कुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गराएर उच्चतम प्रतिफल हासिल गर्न मद्दत पुऱ्याउँछ । विद्यालयको सम्पूर्ण गतिविधि र क्रियाकलापको पारदर्शिताले अभिभावकहरूलाई विद्यालय व्यवस्थापनमा चासो बढाउँछ , (खतिवडा, २०६६) ।

यसै परिप्रेक्षमा शै.स. २०६३ देखि सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण गर्ने परिपाटीको थालनी भएको छ । यस क्रममा शिक्षक अभिभावक संघको के कस्तो भूमिका रहेको छ भनी खोज अनुसन्धान गर्न यो शोध कार्य गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यालय एउटा सानो समुदाय हो । जहाँ विद्यार्थी विभिन्न सामाजिक आर्थिक, धार्मिक तथा पारिवारिक पृष्ठभूमिबाट शिक्षा प्राप्त गर्न र नयाँ ज्ञान प्राप्त गर्न आउँछन् । विद्यार्थीहरूका अभिभावकहरूको धेरै सपनाहरू विभिन्न समुदायबाट विद्यालयमा संलग्न हुन्छन् । तिनीहरूमा भिन्न-भिन्न विचार सामाजिक ,आर्थिक, बौद्धिक क्षमता, सक्षमता, सांस्कृतिक पृष्ठभूमिबाट आउने गर्दछन् ।

भौतिक पूर्वाधार, जनशक्ति र अर्थ विना विद्यालय संचालन हुन सक्दैनन् । विद्यालयहरूमा आधारभूत सुविधाहरूको वृद्धि र पारदर्शिताले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण मद्दत पुऱ्याउँछ । स्थानिय अभिभावकहरूको जनसहभागिता वृद्धि गर्न सकिएमा मात्र समुदाय र विद्यालयको सम्बन्ध दरिलो र सुदृढ बन्न सक्छ । सामुदायिक विद्यालयमा हुने प्रमुख समस्याहरू मध्ये प्रधानाध्यापकहरूद्वारा आर्थिक पारदर्शितामा सामाजिक परीक्षण समिति र शिक्षक अभिभावक संघको सक्रिय सहभागिता नहुनु हो । विद्यालयको चौतर्फी विकासमा विद्यालयको सबै पक्षको अहम् भुमिका हुन्छ । विद्यालयमा आय र व्ययको साथ साथै सम्पूर्ण क्रियाकलापको वैज्ञानिक तथा सुव्यवस्थित तरिकाले अभिलेख नराख्दा समयमा लेखा परीक्षण नगर्दा, लेखापरीक्षण, सामाजिक परीक्षणको प्रतिवेदन, समुदायका अभिभावक र सरोकारवालाहरू माझ छलफल र अन्तक्रियाका साथै सार्वजनिक नगर्दा अभिभावकहरू विद्यालयबाट टाढिएका हुन्छन् । विद्यालयको गतिविधी र क्रियाकलापमा अभिभावकहरूको सक्रियता घटेको छ । स्थानिय आवश्यकता र स्रोतलाई समेटेर विद्यालय वि.व्य.स. शिक्षक अभिभावक संघ र प्रधानाध्यापकले विद्यालय कार्ययोजना निर्माण गर्दैनन् । विद्यालयको आर्थिक, भौतिक, शैक्षिक अवस्थाको पारदर्शिताले विद्यालय संचालन र लगानीको सही सदुपयोगमा टेवा पुग्ने कुरामा दुई मत छैन । जसको फलस्वरूप स्थानीय स्तरबाट शैक्षिक लगानीमा वृद्धि भई सिकाई उपलब्धि र शैक्षिक गुणस्तर उच्च गर्न सकिन्छ ।

सामाजिक परीक्षणले विद्यालय संचालन र अभिभावकको सहभागिता वृद्धिका लागि के कस्ता भूमिका निर्वाह गर्न सकेको छ सो को पहिचान गर्ने, सामाजिक परीक्षणको कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्ने, सामाजिक परीक्षणको प्रभावकारिता हेर्ने, परीक्षण कार्यान्वयनमा हुने कठिनाईको पहिचान गर्ने, सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका, समस्याहरू र समाधानको उपयुक्त उपायहरू पत्ता लगाउन यस अध्ययनलाई अगाडि बढाइएको छ । वर्तमान अवस्थामा सामाजिक परीक्षण कार्यान्वयनमा आएतापनि विद्यालयप्रति समुदायको आकर्षण बढेको छैन । उल्टो सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको संख्या घट्दै गरेको अवस्था छ ।

वर्तमान अवस्थामा सामाजिक परीक्षणलाई एक जल्दो बल्दो समस्याको रूपमा लिन थालिएको छ । सामाजिक परीक्षणबाट पनि अभिभावकको भावनाको कदरलाई सम्बोधन गर्न सकेन । जुन उद्देश्यले सामाजिक परीक्षणको सुरुवात गरियो त्यो पूरा गर्न सफल देखिएन । सामाजिक परीक्षण अनिवार्य गरेता पनि त्यो एउटा औपचारिकतामा मात्र सिमित छ । धेरै जसो विद्यालयका प्रधानाध्यापकले आफै एक्लै वा कुनै शिक्षकलाई खटाएर सामाजिक परीक्षणको फर्मेट भरेर बुझाउने चलन रहेको छ । सामाजिक परीक्षणको मर्म न त प्रधानाध्यापकले नै बुझेको छ न त शिक्षक अभिभावक संघले नै बुझेको छ । शिक्षक अभिभावक संघ यस प्रतिको उत्तरदायित्वबाट पन्छिएको अवस्था छ । सामाजिक परीक्षणलाई शिक्षक अभिभावक संघ र विद्यालयले वाहियात सम्झेको जस्तो अवस्था देखिन्छ । विद्यालयप्रति अभिभावकहरूको घट्दो रुची वेवास्ता विद्यालयले आफ्ना अभिभावकहरूलाई वास्ता नगर्नु सिकाइ उपलब्धि र शिक्षाको गुणस्तर दिन-दिनै खस्कदै जानु आर्थिक अनियमितता र पारदर्शिता नहुनुले सामाजिक परिक्षणमा शिक्षक अभिभावकको भूमिका के कस्तो रहेको छ भन्ने विषयमा अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको आधारशिला हो । शिक्षाका लागि राज्य, स्थानीय निकाय, गैरसरकारी संघ संस्था, अभिभावक समुदायले लगानी गरेका हुन्छन् । लगानीको सही कार्यान्वयन पारदर्शी अभिलेख, शिक्षक अभिभावक संघ, वि.व्य.स., प्र.अ.शिक्षकको सक्रिय सहभागिता, इमान्दारिता र विवेकपूर्ण दुरदृष्टि र आपसी समझदारी र सहकार्यले सरोकारवालाहरूको विद्यालयप्रतिको चासो

र आकर्षणमा वृद्धि हुनुका साथै विद्यालय व्यवस्थापन र संचालनमा समुदायको सक्रिय सहभागिता र संलग्नतामा वृद्धि हुन सक्छ । कार्यक्रमको जुनसुकै लक्ष्य र उद्देश्य भए पनि त्यसको कार्यान्वयन पक्ष पारदर्शी र प्रभावकारी भएन भने श्रम, समय र पूँजी त्यसै खेर जान्छ । सामाजिक परीक्षण विद्यालयको सम्पूर्ण गतिविधिको पारदर्शिताका लागि प्रभावकारी कार्यक्रम हो ।

सामाजिक परीक्षणले वि.व्य.स., प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षक संघको कार्यकुशलतालाई पनि प्रतिबिम्बित गर्दछ । यी सबैको राम्रो सहकार्य भएमा विद्यालयले प्रगति गर्न सक्छ भन्ने कुरा सामाजिक परीक्षणले देखाउने हो । सामाजिक परीक्षण विद्यालयको सम्पूर्ण गतिविधि हेर्ने ऐना हो भन्दा फरक हुदैन होला । गुणस्तरिय शिक्षा प्रदान गर्न सकेमा मात्र समाज र देशको चौतर्फि विकास सम्भव छ । सक्षम, क्षमतावान, सिर्जनशील, जागरुक कर्मठ, उत्पादनशील जनशक्ति उत्पादन गर्ने कारखानाको रूपमा रहेको विद्यालयमा के कति आम्दानी हुन्छ, कुन-कुन स्रोतबाट के कति रकम हुन्छ, भवन, खेलमैदान पुस्तकालय, शौचालय, कक्षाकोठाको अवस्था, संख्या, आकार, फर्निचरको अवस्था के कति पुग नपुग छ, भर्नादर, उर्तीण दर, कक्षा छाड्ने दर, कक्षा दोहोर्‍याउने दर, सिकाई उपलब्धि विद्यार्थीहरूको अतिरिक्त प्रतिभाको अवस्था आदि बारे अभिभावक, शिक्षक, वि.व्य.स. शिक्षक अभिभावक संघ, सरोकारवाला लगायत संघसंस्थालाई जानकारी गराउँछ ।

विद्यालयमा भएका राम्रा पक्षलाई निरन्तरता दिने र कमी कमजोरीहरूलाई हटाउन आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । वि.व्य.स., प्र.अ., विद्यालय संचालनमा घचघच्याउने कार्य समेत सामाजिक परीक्षणले गर्दछ । स्थानीय अभिभावकहरूलाई विद्यालय विकास कार्यमा सहभागी गराउनु शिक्षकलाई उपलब्धि वृद्धिगर्न समुदायका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन मद्दत पुर्‍याउँछ । तर सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण सन्तोषजनक रूपमा भएको पाइएको छैन । यसको कार्यान्वयन पक्ष सन्तोषजनक छैन । विद्यालयको आर्थिक, शैक्षिक उपलब्धि भौतिक, जिन्सीको अभिलेख अस्तव्यस्त छ । विद्यालयप्रति अभिभावकहरूको व्यापक जनगुनासो रहेको छ । प्र.अ. र वि.व्य.स. अध्यक्ष आर्थिक हिनामिनाको आरोपमा फसिरहेका छन् । अभिभावक विद्यालयबाट झन-झन टाढिएको अवस्था छ । यिनै अवस्थाहरूले गर्दा यस समस्यालाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

यस अध्ययनको निष्कर्षलाई शिक्षा मन्त्रालयलाई देशभरिमा विद्यालयहरूको अवस्था दर्शाउन क्षे.शि.नि., जि.शि.का., स्थानीय निकायहरू, गैरसरकारी संघ संस्थाहरूलाई  सामाजिक परीक्षण प्रणालीलाई सुधार गर्न, आवश्यक पृष्ठपोषण प्रदान गर्ने विश्वास लिएको छ । अध्ययनले प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष प्रति अभिभावकले गर्ने गुनासोलाई कम गर्ने उपायहरू र विद्यालयको व्यवस्थापन र संचालनमा अभिभावकहरूको संलग्नता र सहभागिता वृद्धि गर्ने उपायहरूको खोजी गर्ने अभिप्रायले यस अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणको वर्तमान अवस्थाको लेखाजोखा गर्नु ।

ख) सामाजिक परीक्षणमा शिक्षक र अभिभावक संघको भूमिका पहिल्याउनु ।

ग) सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्नु ।

घ) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका थिए :

क) सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) सामाजिक परीक्षण कसरी हुने गरेका छन् ?

ग) सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको कस्तो भूमिका रहेको छ ?

घ) के सामाजिक परीक्षण प्रभावकारी छ ?

ङ) के सामाजिक परीक्षण सार्वजनिक गर्ने गरेको छ ?

च) सामाजिक परीक्षणको प्रतिवेदन कार्यान्वयनको अवस्था कस्तो छ ?

छ) सामाजिक परीक्षणको कार्यान्वयनमा देखिएका समस्याहरू के के हुन ?

ज) सामाजिक परीक्षणका समस्याहरू समाधान उपायहरू के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

स्रोत, साधन र समयलाई मध्यनजर गरी यस अध्ययनलाई सुनसरी जिल्लाको धरान श्रोतकेन्द्र अन्तर्गत सबै आधारभूत तह र मा.वि. तहका सामुदायिक विद्यालयहरूमा सिमित गरिने् छ । स्रोतकेन्द्र अन्तर्गत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्र.अ., शिक्षक र अभिभावकहरूमा अध्ययनलाई सिमित गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा

क) औपचारिक शिक्षा : विद्यालय स्थापना गरी निर्धारित पाठ्यक्रमका आधारमा दिइने शिक्षा ।

ख) लेखा परीक्षणः कुनै पनि संघ संस्थामा आर्थिक कारोबारको नियमितता, मितव्ययितता, औचित्यतता, प्रभावकारीता, कार्यदक्षता र पारर्दशिता आदि विचार गरी, रुजु गरी, परीक्षण गर्ने कार्य ।

ग) विकेन्द्रीकरण : केन्द्रका अधिकारहरू स्थानीय तहमा निरुपित भएको अवस्था ।

घ) सरोकारवाला : विद्यालयसँग प्रत्यक्ष सम्बन्ध रहेको विद्यालय व्यवस्थापन समिति, शि.अ. संघ, अभिभावक, शिक्षक, स्रोत व्यक्ति, जि.शि.का. शिक्षा विभाग, स्थानीय सरकार आदि ।

ङ) सामुदायिक विद्यालय : नियमित रूपमा सरकारी अनुदान पाउने विद्यालयहरू नै सामुदायिक विद्यालय हुन् ।

# परिच्छेद : दुई

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस अध्ययनसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरी मेल खाने सिद्धान्तहरू र त्यस साहित्यमा घटेका र नमिलेका कुराहरूलाई समालोचनात्मक रूपमा आफ्नो अध्ययनसँग जोड्न र आफ्नो अध्ययनलाई पूरा गर्न सहयोग गर्ने उद्देश्यले सम्वन्धित साहित्यको पूनरावलोकन गर्नु पर्दछ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

काफ्ले र साथीहरू, (२०६०) ले तयार गर्नु भएको शैक्षिक योजना अनुसार शिक्षा अधिकार हो । शिक्षा मानव अधिकार भित्र पर्दछ । शिक्षा सबैले प्राप्त गर्न पाउनुपर्छ । अर्न्तराष्ट्रिय घोषणापत्र र नाराहरूले पनि शिक्षामा समता र समानतामा जोड दिइएको छ । शिक्षाप्रति बढ्दो जनचाहना रुचीलाई दृष्टिगत गरी शैक्षिक अवसरहरूको पहुँच परिपूर्ति राज्यबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई जनस्तरसम्म पुऱ्याउन विकेन्द्रित शैक्षिक योजना तथा व्यवस्थापनको तहको आवश्यकता विश्वभरी नै महसुस गरेको देखिएको छ । शैक्षिक अवसर र पहुँचको विस्तार, विद्यार्थी तथा अभिभावकहरूको चाहानालाई समेट्न शिक्षामा अर्न्तराष्ट्रिय चासो वृद्धि गर्न शिक्षाको लक्षित वर्ग वा समुदायसम्म पुऱ्याउन केन्द्रिय सरकारको बढी रहेको आर्थिक व्ययभार घटाउन प्रादेशिक एवम् संघीय योजना निर्माण गरी कार्यान्वयन गर्न समुदायका व्यक्तिहरूलाई शिक्षाप्रतिको स्वामित्वको भावनाको विकासगर्न प्रभावकारी विद्यालय व्यवस्थापनका लागि शिक्षा प्रणाली वैज्ञानिक र गुणस्तरमा अभिवृद्धि गर्न, जनसहभागिता र स्थानीय स्रोत साधनको अधिकतम मितव्ययी रूपमा परिचालन गर्न शैक्षिक विकेन्द्रीकरणको आवश्यकता छ । विकेन्द्रीकरणका विधिहरूमध्ये स्थानीय सशक्तिकरण विधिअनुसार बजेट तयार गर्ने, खर्च गर्ने, स्टाफ भर्ना, विषयवस्तु छनोट गर्ने अधिकार शिक्षक, अभिभावक तथा समुदायका बुद्धिजिवी, समाजसेवीहरूको हातमा हुनुपर्छ । प्राज्ञिक कार्यक्रमहरूको निर्धारण र कार्यान्वयनमा शिक्षक, प्र.अ., अभिभावक र समुदायको सक्रिय सहभागितामा हुनुपर्छ । त्यसै गरी सामुदायिक वित्तीय विधि पनि एक महत्वपूर्ण विधि हो जसमा विद्यालय लागत साझेदारी वित्तीय प्रणालीका आधारमा संञ्चालन हुन्छन् । यस विधिअनुसार शिक्षकको तलब, भत्ता

,सरकारी र पूँजीगत खर्च समुदायबाट बेहोरिन्छ । दक्षिण एशियाली देशहरूमा विकेन्द्रीकरण असफल हुनुको प्रमुख कारण कार्यक्रम मात्र विकेन्द्रीकरण भएको छ । वित्तीय पक्ष विकेन्द्रीकरण भएको छैन । त्यस कारणले कार्यक्रम मात्र विकेन्द्रीकरण नगरी वित्तीय पनि विकेन्द्रीत हुनुपर्छ ।

नेपालको सन्र्दभमा भन्नुपर्दा यहाँ कार्यक्रमहरू कागजी रूपमा विकेन्द्रीकरण भएको छ तर मानसिक रूपमा विकेन्द्रीकृत भएको हुदैन जसले गर्दा वित्तीय कुराहरूमा माथिल्लो निकायका व्यक्तिहरूले नै अनुगमन गरी लागत विनीयोजन गर्ने कार्य व्यवहारिक रूपमा गर्दै आईरहेको छ । साँच्चैं विकेन्द्रीकरण गर्ने हो भने सर्वप्रथम मानसिक रूपमा नै विकेन्द्रीकरणको लागि तयार हुनुपर्दछ ।

कोइराला , सिताराम (२०६२) ले सम्पादन गरेको शिक्षा प्रशासनका आयामहरू नामक पुस्तकमा विकेन्द्रीकरण सम्बन्धमा जनसहभागिता जनसशक्तिकरण, सुशासन कानुनी शासन पारदर्शी कार्यशैली तथा क्रियाशील जवाफदेहिता नै विकेन्द्रीकरणका सैद्धान्तिक आधारहरू हुन् ।

राई,कौशलकुमार (२०६२) विकेन्द्रकरणले विद्यालय सुशासनमा पनि जोड दिन्छ । सुदृढ नागरिक समाज वैधानिक व्यवस्था पारदर्शिता जिम्मेवारी उत्तरदायित्व आदि सुशासन आधारभुत पक्षहरू हुन । विद्यालय सुशासनको व्यवस्था प्रशासनिक व्यवस्थापकीय तथा सुपरिवेक्षण क्षेत्रको निर्णयको अधिकार स्थानीय तहमा नै जिम्मा लगाएको छ । स्थानीय क्षेत्रको प्रशासन सरोकारवालाहरूद्वारा चलाइने कार्यहरू स्थानीय शासन वा विकेन्द्रीकरण हो । वित्तीय गतिशीलतामा वृद्धि, व्यवस्थापकीय क्षमताको अभिवृद्धि, वित्तीय स्रोतको पुनः बाँडफाँड, प्रजातान्त्रिक सहभागी, शैक्षिक गुणस्तरमा व्यवस्थापकीय क्षमता, स्वच्छ प्रतिस्पर्धात्मक जनशक्तिको अभिवृद्धि आदि विद्यालय सुशासन व्यवस्थाले गर्दछ । गुणात्मक र समता मूलक शिक्षा सुनिश्चितता नै विद्यालय सुशासनको उद्देश्य हो ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ का अनुसार शिक्षामा लगानी मूलतः मानव संसाधनको विकासमा गरिने दीर्घकालिन लगानी भएकाले शिक्षामा राष्ट्रले गरेको खर्चलाई विकासको सूचकको रूपमा लिने गरिन्छ । निर्धारित शैक्षिक उद्देश्यहरू प्राप्तिका लागि प्राप्त आवश्यक आर्थिक स्रोतहरू प्रभावकारी रूपमा परिचालन उपयोग र त्यसको उपलब्धिबाट शिक्षामा लगानीको औचित्य पुष्टि हुन्छ । शिक्षामा राज्यको लगानीमात्र सम्भव छैन । स्थानीय

स्तरबाट पनि लगानीको आवश्यकता छ । स्थानीय स्तरको लगानीका स्रोतहरूको पहिचान गरी सोको परिचालन, अनुगमन र सुपरिवेक्षण स्थानीय स्तरबाटै भएमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सकिन्छ । विद्यालय प्रशासक र व्यवस्थापकहरूबाट आम्दानी खर्चको पारदर्शी अभिलेख नराख्नाले र सार्वजनिक नगर्नाले र गर्न लगाउने वातावरणको सिर्जना समेत पनि प्रत्यक्ष सरोकारवालाहरूले नबनाएको कारणले स्थानीय स्तरबाट शिक्षामा लगानीको वातावरण घटेको छ । विकेन्द्रीकरणको नीतिअनुसार शिक्षामा स्थानीय लगानी वृद्धिगर्न स्थानीय नागरिक समाजलाई सक्षम र क्षमतावान बनाउनु पर्छ । विद्यालय व्यवस्थापकहरूको कार्यशैली र सोचमा परिवर्तन ल्याउनु पर्छ । समुदायको सक्रिय सहभागितामा वृद्धिगर्न सकेमात्र शिक्षामा स्थानीय र समुदायको लगानी बढी भन्दा बढी भित्रिन सक्ने पर्याप्त सम्भावनाहरू देखिन्छन्, (नेपाल सरकार शिक्षा मन्त्रालय, २०५५) ।

समुदायको सहभागिताका लागि उनीहरूको समस्याहरू आवश्यकता चाहनाको प्राथमिकरण गरी कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्दछ । स्थानीय अभिभावकहरूको समस्याको पहिचान गरी त्यही अनुरूपको शिक्षा प्रदान गर्नु पर्दछ ।

राई,कौशलकुमार (२०६२) स्थानीय निकायमा सामाजिक परीक्षणअनुसार स्थानीय स्तरबाट सम्पादन हुने विविध गतिविधिहरूमा पारदर्शिता सहभागिता, मितव्ययिता चाहिन्छ । यसका लागि सेवा प्रदाय, सेवाग्राही बीच विश्वास र समझदारी अभिवृद्धि हुन जरुरी छ । साथै कुनै पनि कार्य प्रक्रिया र परिमाणमा प्रत्यक्ष रूपमा हुने सहभागितामा नागरिक अधिकारको सुनिश्चितता पनि उत्तिकै महत्वपूर्ण र जरुरी छ । समयको परिवर्तन सँगै स्थानीय निकायद्वारा संचालित कार्यक्रमले जनताको आवश्यकता पूरा गर्न सक्यो वा सकेन उनीहरू सूसूचित भए भएनन् संलग्नता पक्षः सामाजिक उत्तरदायित्वको पक्ष, उपलब्ध स्रोत, साधनको उपयोग, संचालित कार्यक्रमप्रति जनताको चासो र सरोकार कस्तो रह्यो, लगानी अनुसारको प्रतिफल आदि विविध पक्षहरूको सूक्ष्म ढंगले लेखाजोखा गर्ने पद्धतिको रूपमा विकास भएको उपभोक्ता वर्ग स्वयंलाई संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले भए गरेको लेखाजोखा गर्ने, सबल र दूर्बल पक्षहरूको विश्लेषण गर्ने र पृष्ठपोषण लिने साथै सुधारात्मक कार्यपद्धतिलाई संस्थागत गर्दै जाने प्रक्रियाहरूको थालनी र विकास भएको धेरै समय भएको छैन ।

सामाजिक परीक्षणलाई सार्वजनिक जनलेखापरीक्षण पनि भनिन्छ । सामाजिक परीक्षण एउटा यस्तो नियमित उद्देश्यमूलक र प्रक्रियाबद्ध परीक्षण पनि हो जसले संगठनिक मूल्य मान्यताका आधारमा आफ्ना सामाजिक, आर्थिक र भौतिक विकाससम्बन्धी योजना र कार्यक्रम र कृयाकलापको आन्तरिक तथा वाह्य कार्यसम्पादनलाई लेखाजोखा तथा मूल्याङ्कन गर्दछ । सामाजिक परीक्षणले खास गरी आर्थिक तथा गैह्र आर्थिक पक्षहरूको योजना व्यवस्थापन र कार्यान्वयन जस्ता कुराहरूमा वृहत मूल्याङ्न गरी सरोकारवाला सवैलाई सूचना प्रवाह गर्ने कार्य गर्दछ । सामाजिक परीक्षणले सरोकारवालाहरू प्रति जवाफदेही तुल्याउने कार्यक्रम कार्यान्वयन गर्ने निकायसँग निर्णय प्रक्रिया योजना बजेट तथा अन्य सान्दर्भिक कुराहरूमा सूचना माग्न सक्ने आवश्यक कागजातहरू हेर्न सक्ने तथा संयुक्त स्थलगत अनुगमन निरीक्षण गरी कार्यको गुणस्तर सुधारगर्न आफ्नो राय सुझाव दिने अधिकार सुनिश्चित गर्न सहयोग पुर्‍याउँछ ।

राई,कौशलकुमार (२०६२) सरोकारवालाका कुनै पनि विषयका चरणहरूमा उनीहरूलाई सहभागी हुने अधिकार, वकालत गर्ने, वित्तीय अनुशासन र सामाजिक उत्तरदायित्व स्थापित गर्ने सरोकारवालाहरूलाई संलग्न गराई सहभागिता मूलक र पारदर्शी ढंगले सार्वजनिक कार्यको लेखाजोखा गरी सुधारात्मक क्रियाकलाप अगाडी बढाउन प्रेरित गर्ने सेवा प्रवाहमा सहभागिता, पारदर्शिता, अपनत्व, उत्तरदायित्व, मितव्ययिता, प्रभावकारिता, गुणात्मकता जस्ता सारभूत तत्वहरूको सुनिश्चितता कायम गर्ने सुशासन प्रवर्द्धन गर्ने कार्य सम्पादनको उद्देश्यमूलक, वस्तुपरक र कार्यमूलक ढंगले विश्लेषण गरी कार्यसम्पादन प्रक्रियामा इमान्दारिता, विवेकशीलता, सतर्कता, विश्वसनीयता र प्रभावकारीता अभिवृद्धि गर्दछ । समुदाय विकासका प्रापक नभई संवाहक र हर्ताकर्ता भएकाले विकास प्रक्रियामा हरेक चरणहरूमा उनीहरूको सामाजिक सक्रियतालाई संस्थागत र वैद्य तुल्याउनका लागि सामाजिक परीक्षण उपयुक्त र भरपर्दो र प्रभावकारी साधन हो । सामाजिक परीक्षण, योजना तर्जुमा कार्यान्वयन, योजनाको समाप्ती आदि चरणमा गरिन्छ । सामाजिक परीक्षणले योजना तथा कार्यक्रम संचालनमा जनताको पहुँच सुनिश्चित गर्ने, सूचना सम्प्रेषण, आवश्यक सुधार र सामाजिक अद्यावधिकरणका लागि पृष्ठपोषण प्रदान गर्ने एक निरन्तर प्रक्रिया हो ।

सामाजिक परीक्षणले विद्यालयका विभिन्न योजना तर्जुमा गर्न, संचालन गर्न, योजनाको समाप्तीमा जनताको पहुँच वृद्धि गर्न र विद्यालयका विविध पक्षहरूको अद्यावधिक गर्नका लागि सहयोगी हुने भएकोले सामाजिक परीक्षण अनिवार्य रूपमा निरन्तर विद्यालयमा प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

खड्का, शेरजङ्ग (२०६२) ले तयार पार्नु भएको व्यवस्थापन सिद्धान्तअनुसार व्यवसायिक संगठनहरूले आफ्ना ग्राहक कर्मचारी समाज लगानीकर्ता, सामाजिक कल्याणसँग सम्बन्धित गतिविधि तथा क्रियाकलापहरूको गरिने मूल्याङ्कन नै सामाजिक परीक्षण हो । सामाजिक परीक्षण गर्नुको उद्देश्य संगठनात्मक कार्यको तस्वीर प्राप्त गर्नु, विभिन्न पक्षहरूबाट सबल र कमजोर पक्षहरू निर्धारण गर्नु, सबै पक्षबाट संगठनात्मक कार्य सम्पादनको मूल्याङ्कन गर्नु हो । सामाजिक उत्तरदायित्वका क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरूको मूल्याङ्कन गर्नुपर्छ ।

सामाजिक परीक्षण आन्तरिक लेखा परीक्षण भन्दा फरक प्रकृतिको छ । यसले व्यवसायिक र पेशागत कार्य सम्पादनको क्रमबद्ध अध्ययन विश्लेषण अभिलेखको मूल्याङ्कन गर्दछ । सामाजिक परीक्षणले समुदाय वा समाजप्रति गर्नुपर्ने उत्तरदायित्वलाई पूरा गर्न प्रेरित गर्दछ । सामाजिक कार्य सम्पादन प्रति सजग रहने विभिन्न कार्यक्रमको तुलना गर्ने र लागत लाभ विश्लेषण गर्ने उद्देश्यले सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण व्यवसायिक जगत्मा ऐच्छिक भए पनि शैक्षिक संस्थाहरूमा अनिवार्य गर्नु उत्तम मानिन्छ, (खड्का २०६३) ।

वास्तवमा सामाजिक परिक्षण एउटा विस्तृत परिक्षण हो । लेखा परिक्षण यसको एउटा सूचक मात्र हो । यसमा थुप्रै यस्ता सुचकहरू पर्दछन जस्तै : विद्यार्थी प्रगति, भौतिक अवस्था, जिन्सी अभिलेख, विद्यार्थी हाजिरी, शिक्षक उपस्थिती विभिन्न व्यत्तिहरूबाट समय समयमा हुने गरेको अनुगमन र अवलोकनबाट प्राप्त सल्लाह, सुझावहरू र कार्यान्वयन पक्ष पर्दछन् । यी सबैको परीक्षण नै सामाजिक परीक्षण हो । यसले विद्यालयको सबल र दुर्वल पक्षहरूको लेखाजोखा गर्नुका साथै आवश्यक सुझावहरू प्रदान गर्दछ ।

राई, कौशलकुमार (२०६२) विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता, आवश्यकता र चुनौतिहरूका अनुसार विद्यालय सामाजिक अस्तित्व भएको संस्था हो, जसले समुदायको

आवश्यकता पूरा गर्दछ । समुदायका अभिभावकहरू विद्यालयका सरोकारवालाहरू हुन् । विद्यालयमा योजना निर्माण, व्यवस्थापन र अनुगमन सुपरीवेक्षणका लागि समुदायको सहभागिता आवश्यक छ । सामुदायिक सहभागिताबाट मात्र विद्यालयले निर्धारित उपलब्धि हासिल गर्न सक्छ । राजनैतिक हस्तक्षेप नहुने हो भने निर्वाचन प्रणालीबाट बन्ने विद्यालय व्यवस्थापन समितिमा समुदायका ख्याति प्राप्त, अनुभवी, दक्ष र क्षमतावान व्यक्तिहरू निर्वाचित भई विद्यालयलाई समुदायको चाहनाअनुसार क्रियाशिल बनाउन सकिन्छ । अहिले विश्वका धेरै मुलुकहरूमा विभिन्न खाले समस्या र चुनौतिको बाबजुद विद्यालयमा स्थानीय समुदायको संलग्नता बढाउन खोजेको पाइन्छ । विद्यालयमा स्थानीय सरोकारवालाहरूको सहभागिताले स्थानीय पाठ्यक्रम निर्माण, विद्यालय योजना निर्माण, व्यवस्थापकीय निर्णय, नियन्त्रण प्रणालीमा चासो वृद्धि हुन्छ जसले गर्दा शैक्षिक प्रणाली र शैक्षिक गुणस्तरमा सुधार आउँछ । निर्णयमा सामुदायिक स्वायत्तता , प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रणालीमा केही न केही परिवर्तन आउन सक्छ । विद्यालयप्रति सामुहिक उत्तरदायित्व बहन गर्न, सामुहिक निर्णय गर्न, विद्यालय अभिभावक सम्बन्ध विस्तार गर्न, स्थानीय अभिभावकहरूको विद्यालय व्यवस्थापनमा पहुँच वृद्धि गर्न, अभिभावकहरूलाई सशक्तिकृत गर्न शिक्षण संस्थाहरूलाई प्रतिस्पर्धी बनाउन, स्वामित्वभावको विकास गर्न, शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी उपलब्धिमा सुधार गर्न अभिभावक संलग्नता अति आवश्यक पक्ष हो । सामुदायिक सहभागिताका लागि समुदायका सबै वर्ग, जात, जाति, धर्म, संस्कृतिका व्यक्तिहरूलाई संलग्न गराउन नसक्नु, ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन नहुनु, अनुगमन र सुपरीवेक्षण प्रभावकारी नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु, व्यवस्थापकीय पारदर्शिता नहुनु नै विद्यमान समस्या र चुनौतीहरू हुन् ।

गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनका अनुसार विद्यालयको आर्थिक, शैक्षिक र भौतिक पक्षको पारदर्शिताबाट अभिभावकहरूमा सल्लाह र सुझाव प्राप्त हुन्छ । त्यसलाई आगामी कार्य योजनामा समावेश गरी अर्को वर्ष सुधार गर्न सकिन्छ । विद्यालयका प्रधानाध्यापकले शैक्षिक, भौतिक र आर्थिक प्रगतिको अभिलेखलाई चार्टमा उल्लेख गरी कार्यालय कक्षमा राख्नुपर्छ । विद्यालयका क्रियाकलापको पारदर्शिता भन्नाले स्रोत र साधनको वितरणको आधारहरू खुल्ला गर्ने, हरेक कार्यक्रम तथा स्रोत साधनको बारेमा सरोकारवालालाई वास्तविक

जानकारी दिने, सहभागितामूलक अनुगमन कार्ययोजना बनाउने र सूचना प्रणालीलाई सहज एवम् प्रभावकारी बनाउने भन्ने बुझिन्छ, (नेपाल सरकार, शिक्षा मन्त्रालय, २०५१) ।

समुदायमा आधारित विद्यालय र कलेजहरू गैह्र व्यापारिक संस्था हुन । यस्ता गैह्र व्यापारिक संस्थाको उद्देश्य नाफा कमाउनु नभई सामाजिक र मानवीय कल्याणका कार्य गर्नुका साथ साथै सेवा उपलव्ध गराउनु हो । यस्ता सेवात्मक भावनाले प्रेरित संस्थाहरूमा पनि आर्थिक कारोबारहरू हुने गर्दछ । यी संस्थाहरूको आम्दानीको स्रोतहरूमा शुल्क, अनुदान, दान, इच्छापत्र, पुराना सम्पति विक्री वितरणबाट प्राप्त आम्दानी आदि रहेका हुन्छन् भने खर्चमा तलब, भत्ता, विद्युत, संचार, खेलकुद, टेलिफोन, छात्रवृत्ति, बिमा शुल्क, स्टेशनरी आदि रहेका हुन्छन् । त्यस्ता आम्दानी खर्चको व्यवस्थित, वैज्ञानिक र पारदर्शी अभिलेख राख्नु पर्दछ । आफ्नो संस्थाको आम्दानी खर्चको अवस्था थाहा पाउन, लिन र दिन पर्ने आर्थिक कारोबारहरूको अवस्था पहिचान गर्न, सम्पत्ति र दायित्वको अवस्था थाहा पाउन, आर्थिक विवरणहरू सरोकारवालाहरू समक्ष प्रस्तुत गर्न भएका आर्थिक कारोबारहरूलाई लेखा प्रणालीको सिद्धान्तमा आधारित भएर पारदर्शि र वैज्ञानिक अभिलेख राख्नुका साथ साथै वित्तीय लेखा परीक्षण र सामाजिक परीक्षण समेत गर्नु पर्छ, (काफ्ले र साथीहरू, ०६५) ।

अधिकारी र साथीहरू (२०६५) ले तयार गर्नु भएको विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता आवश्यकता चुनौतीहरू र इपम्यानको जर्नलका अनुसार विद्यालय सामाजिक अस्तित्व भएको संस्था हो जसले समुदायको आवश्यकमा पूरा गर्दछ । राजनैतिक हस्तक्षेप नहुने हो भने निर्वाचन प्रणालीबाट बन्ने विद्यालय व्यवस्थापन समितिमा समुदायका ख्यातिप्राप्त अनुभवि, दक्ष र क्षमतावान विशुद्ध, कर्मठ व्यक्ति निर्वाचित भई विद्यालयलाई समुदायको चाहना अनुसार क्रियाशील बनाउन सकिन्छ । विद्यालयमा योजना निर्माण व्यवस्थापन र अनुगमन सुपरिवेक्षणका लागि समुदायको सहभागिता आवश्यक सामुदायिक सहभागिताबाट विद्यालयले निर्धारित उपलब्धी हासिल गर्न सक्छ । अहिले विश्वका धेरै देशहरूमा विभिन्न खाले समस्या र चुनौतीका बावजुद विद्यालयमा स्थानिय समुदायको संलग्नता बढाउन खोजेको पाइन्छ । निर्णयमा सामुदायिक स्वायतमा प्र.अ. लाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रणालीमा केही सुधार आउन सक्ने छ । विद्यालयप्रति सामुदायिक उत्तरदायित्व वहन गर्न, सामुदायिक निर्णय गर्नु विद्यालय अभिभावक सम्बन्ध विस्तार गर्न स्थानीय अभिभावकहरूको

विद्यालय व्यवस्थापनमा पहुँच बढाउन अभिभावकहरूलाई सुशक्तिकृत गर्न शिक्षण संस्थालाई प्रतिस्पर्धि बनाउन स्वामित्व भावको विकास गर्न शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यार्थी उपलब्धि वृद्धि गर्न आदिको लागि अभिभावकको सक्रिय संलग्नता अति आवश्यक पक्ष हो । सामुदायिक सहभागिताका लागि समुदायका सबै वर्ग जातजाति, धर्म, लिङ्ग, संस्कृतिका व्यक्तिहरूलाई सलग्न गराउन नसक्नु, ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन नहुनु अनुगमन र सुपरिवेक्षण प्रभावकारी नहुनु दराज र पुस्तकालयको पारदर्शी पूर्णरूपले पालना र कार्यान्वयन नहुनु व्यवस्थापकीय पक्ष पारदर्शी नहुनु नै विद्यमान समस्या र चुनौतीहरूको जड हुन् ।

राई, कौशलकुमार (०६२) का अनुसार प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रणालीमा सुधार आउन सक्छ । विद्यालय अनुदान कार्यान्वयन निर्देशिका एवम् विद्यालय स्तरीकरण फाराम (०६३) अनुसार विद्यालयको विभिन्न स्रोतबाट प्राप्त रकम र भएका खर्चहरूको प्रधानाध्यापकले अनिवार्य लेखापरीक्षण गर्नुपर्छ । यस्तो लेखापरीक्षण गर्दा वितिय लेखापरीक्षण र सामाजिक परीक्षण गरी दुई किसिमको परीक्षण गर्नुपर्छ । लेखापरीक्षण गर्दा आर्थिक प्रशासन नियमावलीको आधारमा रकम खर्च भई निर्माण गरिएका सुचकहरूमा उपलब्धि भए नभएको स्पष्ट गरी सोको प्रतिवेदन अभिभावकहरूको भेलामा सार्वजनिक गर्नुपर्छ । वित्तिय लेखापरीक्षण गर्दा आर्थिक प्रशासन ऐन र नियमावलीले तोके बमोजिम आम्दानी खर्च पारदर्शी रूपमा राखे नराखेको, जिन्सी अभिलेख अध्यावधिक भए नभएको, पुँजीगत सम्पतिको अभिलेख अध्यावधिक भए नभएको आदि पक्षलाई हेरिन्छ । क्षेत्र.शि.नि.बाट सुचिकृत भई जिल्ला शिक्षा समितिको निर्णयअनुसार नियुक्त भएका लेखापरीक्षणबाट वित्तीय लेखापरीक्षण गरिन्छ । त्यस्तै गरी सामाजिक परीक्षणले विद्यालयको भौतिक, आर्थिक र शैक्षिक अवस्था विश्लेषण गर्दछ । विद्यालयका सरोकारवालाहरू र अभिभावकहरूको संलग्नतामा विद्यालयका कार्य प्रगति सम्बन्धमा सार्वजनिक रूपमा छलफल तथा अर्न्तक्रिया गरी सामाजिक परीक्षण गर्नुपर्छ । सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षण प्रतिवेदनहरू विद्यालयको अनुदान दिने निकायसँग सम्बद्ध गरिएकाले यी प्रतिवेदनहरू अनिवार्य ठानिएका छन् ।

राई,कौशलकुमार (२०६२) विद्यालय आफैंले आफ्नो विद्यालयको हरेक आर्थिक वर्षको बजेट तयार गर्नुपर्छ । प्रधानाध्यापकले बजेट तयार गर्दा विद्यालय रहेको समुदायका बुद्धिजीवि, विशेषज्ञ, शिक्षक र अभिभावकहरूलाई संलग्न गराई व्यापक छलफल र अर्न्तक्रिया गराई विद्यालय बजेट तयार गर्नु पर्छ र विद्यालय व्यवस्थापन समितिबाट पारित गराई कार्यान्वयन गर्नु पर्छ । प्रधानाध्यापकले विद्यालयको आम्दानी खर्चको रीतपूर्वक बिल भर्पाई र आवश्यक कागजात सहित खर्च गरेको अभिलेख खडा गरी प्रमाणित गरी राख्नुपर्छ । विद्यालयमा भएका आम्दानी खर्चको हरेक वर्ष जि.शि.का. ले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्छ । हरेक प्रधानाध्यापकले विद्यालय वार्षिक बजेट र लागत लाभ विश्लेषण गर्ने उद्देश्यले सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण व्यवसायिक जगतमा ऐच्छिक भएपनि शैक्षिक संस्थाहरूमा अनिवार्य गर्नु उत्तम मानिन्छ ।

राई, कौशलकुमार (०६२) का अनुसार लेखापरीक्षकले कुनै पनि सरकारी संघ, संस्था र कार्यालयको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रंभावकारीता र औचित्य समेतको विचार गरी स्वीकृत विनियोजित रकमहरू सम्बन्धित शीर्षक अन्तर्गत खर्च भएको नभएको, लेखा राख्दा प्रचलित कानुनको अनुसरण गरे नगरेको, सरकारी सम्पत्तिको लगत दुरुस्त र अध्यावधिक भए नभएको, नगदी, जिन्सी र अन्य सरकारी सम्पत्तिको हानी नोक्सानी वा दुरूपयोग आदि कुराको परीक्षण गर्नुपर्दछ ।

राई, कौशलकुमार (०६२) का अनुसार प्रत्येक सामुदायिक विद्यालयहरूले प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नु पर्छ । प्रत्येक आ.व.को अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदनले सुझाव गरेको कुराहरू के कति कार्यान्वयन भए वा भएनन्, विद्यालयको समग्र भौतिक, शैक्षिक र आर्थिक अवस्था, छात्र-छात्राको अनुपात, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपस्थिती आदि सुचकहरूका आधारमा सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण प्रत्येक आ.व.को भाद्र मसान्त भित्र सम्पन्न गरी अभिभावक भेलामा सार्वजनिक गर्नु पर्छ । असोज १५ गते भित्र सम्बन्धित विद्यालय निरीक्षक वा स्रोत व्यक्तिलाई उक्त प्रतिवेदन बुझाउनु पर्दछ । विद्यालय निरीक्षक वा स्रोतव्यक्तिले आफु कहाँ प्राप्त भएको सामाजिक परीक्षण प्रतिवेदन कार्तिक १५ गते भित्र जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्दछ । जिल्ला शिक्षा कार्यालयले जिल्ला भरिका सबै विद्यालयको सामाजिक परीक्षण अभिलेख राखी पौष मसान्त

भित्र क्षेत्रीय शिक्षा निर्देशनालयमा र विभागमा पठाउनु पर्छ । अन्त्यमा शिक्षा विभागले विद्यालयहरूको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षण सम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्छ । सामाजिक परीक्षण अहिले सबै सामुदायिक विद्यालयहरूमा कानुनमा व्यवस्था गरी अनिवार्य गरिएको छ सामाजिक परीक्षण गर्न शि.अ.सं. को अध्यक्षतामा कम्तिमा एक जना महिला पर्ने गरी दुई जना, सम्बन्धित वडाको वडा अध्यक्ष एक जना, शिक्षक अभिभावक संघले तोकेको बुद्धिजीविमध्ये एक जना ,माथिल्लो कक्षामा अध्ययनरत छात्र वा छात्रा एक जना र प्रधानाध्यापकले सदस्य सचिवको रूपमा तोको एक जना शिक्षक गरी ७ सदस्यीय सामाजिक परीक्षण समिति रहने कानुनी व्यवस्था गरेको छ, ।

डागी, योगेन्द्र (२०६८) को अनुसार सामुदायिक विद्यालय संचालनको सबैभन्दा महत्वपूर्ण भूमिका प्र.अ. को हुन्छ । प्र.अ.ले योजनाकार, शैक्षिक नेता, व्यवस्थापक ,सामाजिक परिचालक र सुपरिवेक्षकको भूमिका निर्वाह गर्नुपर्छ । सामाजिक परीक्षणबाट विद्यालयहरूमा केही सुधार भएका छन् । प्र.अ. ले विद्यालयको सरोकारवालाहरूसँग समन्वय गरि काम गर्नुपर्छ भन्ने धारणाको विकास भएको छ । विद्यालयहरूमा प्राप्त सरकारी र गैरसरकारी संघ संस्थाहरूबाट प्राप्त नगद र जिन्सी अनुदान एवं खर्चको व्यवस्थित र वैज्ञानिक ढंगले अभिलेख र हिसाव किताव राख्नु पर्छ र अभिभावक एवं सरोकारवालाहरूले हेर्न चाहेको अवस्थामा देखाउनु पर्छ भन्ने धारणाको विकास भएको छ । विद्यालयका गतिविधि र क्रियाकलापको केन्द्रविन्दु आर्थिक पक्ष र त्यसमा खर्च गर्ने तौरतरिका एवम् अभिलेख हुन् ।

प्र.अ. विद्यालयको मुटु भएकोले प्र.अ. व्यवस्थापनका साथसाथै नेताको भूमिका पनि निर्वाह गर्नु पर्दछ । व्यवस्थापन गर्नुका साथै नेतृत्व गर्न सक्नु पर्दछ । आफ्ना मातहतमा शिक्षक कर्मचारीहरूलाई आफनो अनुयायी बनाई काममा प्रेरित गर्न सक्नु पर्दछ । समुदाय र अभिभावकहरूको चित्त बुझाउन सक्नु पर्दछ । यसरी प्र.अ. ले विद्यालयको शैक्षिक गुणस्तरमा अवश्य पनि वृद्धि गर्नमा सफल हन्छ ।

तामाङ, (२०६६) ले सामाजिक परीक्षणबाट विद्यालयको आर्थिक पारदर्शितामा परेको प्रभावबारे गर्नु भएको शोधपत्रमा आर्थिक कारोबारमा अनियमितता हुने क्रम घट्दै गरेको व्यय र खर्चको हिसाब किताब एकहोरो लेखा प्रणालीबाट क्रमशः दोहोरो लेखाप्रणाली राख्ने तर्फ

उन्मूख रहेको सामाजिक परीक्षण समितिले परीक्षण पश्चात दिएका सल्लाह र सुझावहरूलाई कार्यान्वयन नगर्ने चलन कार्यान्वयन गर्न तर्फ विस्तारै विस्तारै तत्पर देखिन थालेको छ । विद्यालयका सरोकारवालाहरू विद्यालयप्रति सचेत र जागरुक हुन थालेको पहिले पहिले आर्थिक कारोबार मा वि.व्य.स.को अध्यक्ष आफै सचिव भई कार्यगर्ने गरेकोमा अब अहिले प्र.अ. सचिव भई कार्यगर्न थालेका पाइएको छ । सामाजिक परीक्षणको प्रभावकारीता उत्कृष्ट नभए पनि सामान्य रहेको पाइएको विद्यालयका गतिविधि र क्रियाकलापहरूमा सरोकारवालाहरूको सहभागिता र संलग्नता बढ्न थालेको कुरा सो अनुसंधानले प्रस्ट पारेको छ ।

सामाजिक परीक्षणको मर्म प्रक्रियालाई बुझी इमान्दारी र सक्तियताका साथ कार्यान्वयन गर्ने हो भने पक्कै पनि विद्यालयमा अभिभावक तथा सरोकारवालाहरूको उल्लेखनीय रूपमा सहभागितामा वृद्धि हुने देखिन्छ ।

विद्यालयहरूमा धेरै जसो सरोकारवालाहरूको ध्यान आर्थिक तथा शिक्षक नियुक्तिका कुरामा बढी केन्द्रित हुन्छ । खोज्ने कुरामा बढी तथा दिने कुरामा पन्छिने गर्ने गर्दछ । जसले गर्दा विद्यालयमा वि.व्य.स. गठन प्रक्रियामा होस वा शिक्षक नियुक्ति प्रक्रियाहरूमा बढी विवाद हुने गरेको पाइन्छ । शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आर्थिक पक्ष राम्रो भएर मात्र पनि हुदैन । शैक्षिक गुणस्तर वृद्धिका लागि अन्य धेरै पक्षहरू छन् जसको राम्रो परिचालन प्रयोग मितव्ययिता हेरचाह, संरक्षण संवर्द्धन, सकारात्मक सोच सल्लाह सुझाव सही मूल्याङ्कन पुरस्कार, प्रशंसा आदिको आवश्यकता पर्दछ । तामाङ्ग (२०६६) र डाँगी (२०६२) ले पनि सामाजिक परीक्षणमा बढी आर्थिक पक्षमा जोड दिइएको पाइन्छ । जबकि सामाजिक परीक्षण हो । यसले विद्यालयको आर्थिक पक्षलाई मात्र नभई सम्पूर्ण पक्षको किटान गरी सुझावहरू सहितको लेखाजोखा गर्ने प्रक्रिया हो । जसमा शिक्षक अभिभावक संघको अध्यक्षको प्रमुख भूमिका र उत्तरदायित्व हुन्छ । यसरी वास्तवमा सामाजिक परीक्षणको मर्म अनुसार परीक्षण गरी त्यसका सुझावहरूलाई कार्यान्वयन गर्ने हो भने हालको अवस्था भन्दा विद्यालयहरूको शैक्षिक गुणस्तर धेरै उच्च हुन जानेछ ।

## २.२ सैद्धान्तिक खाका

राई, कौशलकुमार (०६२) का अनुसार विकेन्द्रीकरण भन्नाले केन्द्रमा एकीकृत भएका अधिकारलाई तल्लो तहसम्म अधिकार निरूपण गर्नु हो । जसले गर्दा नीति निर्माण गर्ने अधिकार समेत उनीहरूलाई हस्तान्तरण गर्नाले विद्यालयमा स्रोत र साधनको समूचित व्यवस्था हुन गई विद्यालयमा शैक्षिक गुणात्मकता आउन सक्छ । विकेन्द्रीकरण निरूपण एउटा कानुनी प्रावधान हो जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुदैन । यसमा तल्लो निकाय वा अधिकारीले स्वतन्त्र रूपमा कानुनी दायराभित्र रही योजना बनाउने निर्णय गर्ने कार्यान्वयन गर्ने नीति निर्माण गर्ने मूल्याङ्कन र अनुगमन समेत गर्न पाउँछ । विकेन्द्रीकरणको नीति अनुसार कुनै पनि कार्य संचालन गर्ने निकाय केन्द्र मात्र नभई स्थानीय स्तरबाट समेत सम्पन्न गर्ने गराउने वा त्यसको अधिकार हस्तान्तरण गर्ने कार्य रही आएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनले सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणले विद्यालयमा देखिएका विभिन्न समस्याहरू केलाउन र समस्या समाधानका उपायहरू खोजी गर्न सहयोग पुऱ्याउने छ । सामाजिक परीक्षणको विद्यालयमा आवद्ध पक्षहरू बीच कार्य विभाजन, प्रधानाध्यापकलाई वैज्ञानिक तरिकाले विद्यालयका विभिन्न क्रियाकलापको पारदर्शिताको रूपमा अभिलेख राख्न अभिप्रेरित गर्नेछ । विद्यालयको विभिन्न गतिविधि तथा क्रियाकलापहरूको पारदर्शितामा देखिएका समस्याहरू केलाउन र समस्या समाधान गर्ने उपायहरूको खोजी गर्न सहयोग प्रदान गर्ने छ । सरोकारवालाहरू विचको सम्बन्धमा आफ्नोपन हुने छ । अभिभावकहरूको विद्यालय देखिको दुरी कम गर्नुका साथै विद्यालय प्रतिको हेर्ने र बुझ्ने दृष्टिकोणमा परिवर्तन ल्याउन धेरै मदत गर्ने छ । अभिभावकहरूको आत्मवल बढनुका साथै शिक्षक तथा अभिभावकहरूबीच पनि आत्मियता बढने छ । एकले अर्कालाई दोष दिने प्रवृतिमा कमी आउने छ । तिम्रो मेरो भन्ने छाडेर हाम्रो भन्ने भावनाको विकास गराउने र विद्यालय सबैको पहुँचमा हुनेछ । सामाजिक परिक्षणको कार्यान्वयनमा शिक्षक अभिभावक संघको सक्रियताले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । प्रस्तुत सिद्धान्त र साहित्यहरूले सामुदायिक विद्यालयहरूमा गरिने सामाजिक परीक्षणमा सरोकारवालाहरूको भूमिका इमान्दारिता, सक्रियता र कार्यदक्षता उत्प्रेरणा प्रदान गर्ने छ ।

सरोकारवालाहरू खास गरि शिक्षक अभिभावक संघको सक्रिय सहभागिताले सामाजिक परीक्षण पूर्ण रूपमा कार्यान्वयन हुने र प्रभावकारी हुनेछ । सामाजिक परीक्षणको कार्यान्वयनमा सबैको सक्रिय सहभागिता हुनेछ । सामाजिक परीक्षण प्रभावकारी भएन भने शैक्षिक गुणस्तर घट्नुका साथै सम्पूर्ण शैक्षिक लगानी खेर जाने कुरालाई प्रस्तुत सिद्धान्त र साहित्यले सामाजिक परीक्षण गर्ने र गराउने व्यक्ति संघ संस्था आदिलाई प्रभावकारी कार्यान्वयनका लागि घचघच्याउने कार्यमा समेत सहयोग पुऱ्याउने छ ।

# परिच्छेद : तीन

## ३. अध्ययन विधि

अनुसन्धान पूरा गर्नका लागि विभिन्न विधि र प्रक्रियाहरू पार गर्नुपर्दछ । यस अनुसन्धानको ढाँचा छनौट, नमूना छनौट, तथ्याङ्क संकलन तथा तथ्याङ्क विश्लेषण आदि कार्य निम्नानुसार गरिएको थियो :-

### ३.१ अनुसन्धानात्मक ढाँचा

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिकाको अध्ययन गर्न गुणात्मक र परिमाणात्मक मिश्रीत ढाँचालाई अवलम्बन गरिएको थियो । मिश्रीत दाँचालाई प्रयोग गर्दा मात्र अनुसन्धानका उद्देश्यहरुलाई तुलनात्मक रुपमा अध्ययन गर्न सम्भव भयो ।

### ३.२ जनसंख्या

प्रस्तुत शोधपत्रका लागि सुनसरी जिल्लाको धरान स्रोत केन्द्र अन्तर्गत पर्ने आधारभुत तह १७ र माध्यमिक तह १८ गरी जम्मा ३५ वटा विद्यालयका ३५ जना प्र.अ./प्राचार्य, ३५ जना वि.व्य.स.अध्यक्ष, ३५ जना शिक्षक अभिभावक संघका अध्यक्ष, ३५ जना शिक्षक, ३५ जना अभिभावक र १ जना स्रोतव्यक्ति गरी जम्मा १७६ जनालाई जनसंख्याको रूपमा लिइएको थियो।

### ३.३ नमूना छनोट

नमुना छनोटमा परेका विद्यालयहरूका प्र.अ., वि. व्य. स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, स्रोत व्यक्ति, शिक्षक, अभिभावकलाई नमूना छनोट गरियो ।

#### ३.३.१ नमूनाको आकार

यस अध्ययनका लागि धरान स्रोतकेन्द्र अन्तर्गत १ जना स्रोतव्यक्ति, १६ जना प्र.अ./प्राचार्य, १६ जना शि.अ.संघ अध्यक्ष, १६ जना शिक्षक, १६ जना अभिभावक, १६ जना वि.व्य.स.अध्यक्ष गरी ८१ जनालाई नमूना जनसंख्याका रुपमा लिइएको थियो ।

### ३.३.२ नमूना छनौट विधि

प्रस्तुत शोधपत्रका लागि सुनसरी जिल्लाको धरान स्रोत केन्द्र अन्तर्गत पर्ने आधारभुत तह ६ र माध्यमिक तह १० गरी जम्मा १६ वटा विद्यालयका १६ जना प्र.अ./प्राचार्य, १६ जना वि.व्य.स.अध्यक्ष, १६ जना शिक्षक अभिभावक संघका अध्यक्ष, १६ जना शिक्षक, १६ जना अभिभावक र १ जना स्रोतव्यक्ति गरी जम्मा ८१ जनालाई सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरियो ।

### ३.३.३ नमूना छनौटको आधार

अध्ययनलाई वस्तुनिष्ठ, तथ्यपरक, विश्वसनीय र वैध बनाउन भौगोलिक दुरी, जातीय लैङ्गिक ,समावेशी आदी कुराहरू नमूना छनौटको आधारमा गरियो ।

### ३.४ अनुसन्धानका साधनहरू

यस अध्ययनको क्रममा छनौटमा परेका प्र.अ., स्रोत व्यक्ति, शिक्षक, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ र अभिभावकलाई सामुहिक प्रश्नावली , व्यक्तिगत प्रश्नावली र अन्तर्वार्ताको प्रयोग गरियो ।

### ३.४.१ सामुहिक प्रश्नावली

यस अध्ययनको लागि महत्वपूर्ण तथ्याङक सङकलन गर्न छनौटमा परेका सम्वन्धित व्यक्तिहरुसँग भेलामार्फत सामुहिक प्रश्नावलीमा छलफल गरियो । अनुसूची ७ वमोजिम प्रश्नावलीको प्रयोग गरियो ।

### ३.४.२ व्यक्तिगत प्रश्नावली

यस अध्ययनको लागि छनौटमा परेका सम्वन्धित व्यक्तिहरुसँग अलग अलग व्यक्तिगत प्रश्नावली निर्माण गरि महत्वपूर्ण तथ्याङक सङकलन गरियो । अनुसूची १ ,२ ,३ ,४ ,५ र ६ वमोजिम प्रश्नावलीको प्रयोग भयो ।

### ३.४.३ अर्न्तवार्ता निर्देशिका

यस अध्ययनसँग सम्वन्धित रहेर अर्न्तवार्ता निर्देशिका निर्माण गरि सम्वन्धित व्यक्तिहरुसँग अर्न्तवार्ता लिने कार्य भयो ।

### ३.४.४ साधनहरुको वैधता निर्धारण

यस अध्ययनमा प्रयोग गरिएका साधनहरुको वैधता कायम गर्नको लागि सरोकारवाला , विज्ञ , शोध निर्देशक , सम्वन्धित व्यक्तिहरुको परामर्श सुझावहरुलाई आधार वनाइयो ।

## ३.५ सूचना संकलन प्रकिया

यस अध्ययनलाई अगाडि बढाउनका लागि अभिलेख अध्ययन, नीतिगत दस्तावेज अध्ययन, प्रश्नावली र अर्न्तवार्ताको प्रयोग गरियो ।

### ३.५.१ अभिलेख अध्ययन

सम्वन्धित विद्यालयमा गई सामाजिक परीक्षण प्रतिवेदन , वैठक पुस्तिका  अध्ययन गरी आवश्यक तथ्याङक लिने काम गरियो ।

### ३.५.२ नीतिगत दस्तावेज अध्ययन

यस अध्ययनसँग सम्वन्धित शिक्षा ऐन, २०२८(संशोधनसहित), शिक्षा नियमावली, २०५९ (संशोधनसहित),विद्यालयहरुको सामाजिक परीक्षण गर्ने सम्वन्धि निर्देशिका (पहिलो संशोधन २०७१ सहित) २०६५, शोधपत्र, लेख जर्नलहरु  अध्ययन गरियो ।

### ३.५.३  प्रश्नावलीको प्रयोग

प्र.अ./प्राचार्य, वि.व्य.स.अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षक, अभिभावक र स्रोतव्यक्तिलाई सामुहिक र व्यक्तिगत प्रश्नावलीको प्रयोग अनुसूचि १ देखि ७ अनुसार गरियो ।

### ३.५.४ अर्न्तवार्ता

प्र.अ./प्राचार्य, वि.व्य.स.अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षक, अभिभावक र स्रोतव्यक्तिलाई सामुहिक र व्यक्तिगत अर्न्तवार्ताको प्रयोग अनुसूचि १ देखि ७ अनुसार गरियो ।

## ३.६ तथ्याङ्क संकलन विधि

शोधपत्र लेख्ने क्रममा विभिन्न स्रोत र साधनहरूबाट प्राप्त सूचना, सम्बन्धित साहित्यको लेख, रचना, प्रतिवेदन, पूर्वशोधपत्र, शिक्षा ऐन तथा नियमावली, सिद्धान्तहरू सरोकारवाला व्यक्तिहरूको सुझाव, विभिन्न विद्वानहरूको दृष्टिकोण आदिलाई आधार बनाई तयार गरिएको छ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

सम्बन्धित अध्ययनको क्रममा स्थलगत सर्वेक्षणबाट सामुदायिक विद्यालयमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका विभिन्न व्यक्तिहरूसँग व्यक्तिगत र सामुहिक रुपमा प्रत्यक्ष सम्पर्क र प्रश्नावलीको आधारमा प्रतिक्रियाहरू प्राप्त गरी सङ्कलित तथ्याङ्कहरूलाई विश्लेषण गर्नका लागि तालिकीकरण गरी प्रतिशतमा निकाली तुलनात्मक रूपले परिमाणात्मक र गुणात्मक दुवै तरिकाले तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद : चार

## ४. तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अनुसंधानमा सामुदायिक विद्यालयका सरोकारवालाहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरूसँग सामाजिक परीक्षणबारे गरेको अन्तरक्रिया, कार्यान्वयनको वर्तमान अवस्था, जानकारी प्र.अ. लाई प्रतिवेदन तयारी गरी प्रतिवेदन सार्वजनिकीकरण गर्दा उपयुक्त सुझावहरू कार्यान्वयन गराउन खेलेको भूमिका, जवाफदेहिता समस्याहरू सामाधान गर्न गरेको सहयोग सामाजिक परीक्षणलाई कार्यान्वयन गर्दा के कस्तो प्रक्रियाहरू अपनाएको आदि बारे प्रत्यक्ष छलफल, सामूहिक प्रश्नावली, अवलोकन आदि साधनहरूको प्रयोग गरी प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरूलाई निम्न बूँदाहरूका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ :

## ४.१ सामाजिक परीक्षणको वर्तमान अवस्था

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका विषयक शोधकार्यका निम्ति सम्बन्धित सरोकारवाला व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गरी उनीहरूबाट प्राप्त प्रतिक्रियाहरूलाई यहाँ उल्लेख गरिएको छ ।

विद्यालय सार्वजनिक स्थल भएकोले त्यहाँ हुने आर्थिक, भौतिक, शैक्षिक र मानवमूल्यका गतिविधिहरूमा समूदाय र अभिभावकहरूको प्रत्यक्ष सहभागिता रहनु पर्दछ । विद्यालयका सम्पूर्ण अभिभावकहरूले विद्यालयहरूमा हुने गरेको सम्पूर्ण गतिविधिहरू थाहा पाउनु पर्दछ र त्यसका साथै विद्यालयको गतिविधि र कार्यक्रम के कसरी अगाडी बढाउने भन्ने विषयमा छलफल र बहसहरू भई रहनु पर्दछ । यसो गर्न सकेमा शैक्षिक उद्देश्य प्राप्त गर्न सकिन्छ ।

शैक्षिक कार्यक्रमको लक्षित समूह विद्यार्थी हुन् । यसको प्रत्यक्ष प्रभाव विद्यार्थीहरू मार्फत अभिभावकमा पनि पर्न जान्छ । शिक्षण सिकाई कार्य प्रभावकारी नहुँदा विद्यार्थीलाई असर हुनुका साथै आभिभावक पनि त्यसबाट प्रभावित हुन्छन् तसर्थ यसका लागि अभिभावकहरूको सक्रियता अपरिहार्य देखिन्छ । अभिभावकहरूलाई सक्रिय बनाउने कार्यमा शिक्षक अभिभावक संघको बढी दायित्व हुन्छ । शिक्षक अभिभावक संघको औचित्य त्यसैसँग सम्बन्धित रहेको हुन्छ । उसले अभिभावकको प्रतिनिधित्व गरेको हुन्छ र उसको बढी

अभिभावक प्रति उतरदायित्व हुन्छ । यसैकारण शिक्षा नियमावली २०५९ र (संशोधन सहित) को नियम १७१ क र सामाजिक परीक्षणगर्ने सम्बन्धित निर्देशिका २०६५ अनुसार सामुदायिक विद्यालयहरूमा एक वर्ष भरिमा भएका सम्पूर्ण गतिविधिहरूको लेखाजोखा गर्ने कार्यको शुरुबाट शैक्षिक सत्र २०६३ देखि भएको छ । सामाजिक परीक्षण गर्ने गराउने सम्पूर्ण कार्यमा महत्वपूर्ण भूमिका शिक्षक अभिभावक संघको हुने व्यवस्था सो निर्देशिकाले गरेको छ । तसर्थ शिक्षक अभिभावक संघको सामाजिक परीक्षण गर्ने गराउने र कार्यान्वयनमा वर्तमान अवस्था कस्तो छ भनि गरिएको अध्ययनमा सरोकारवालाहरूले दिइएको प्रतिक्रियालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ समयमा सामाजिक परीक्षण गर्ने

सामाजिक परीक्षण समयमा गर्ने आधा भन्दा कम विद्यालयहरू रहेको पाइयो । जसअनुसार समयमा नै सामाजिक परीक्षण गर्दा ती विद्यालयहरूले सम्बन्धित व्यक्ति वा निकायहरूबाट सकारात्मक प्रतिक्रिया प्राप्त गर्ने गरेको पाइयो ।

### ४.१.२ समय वितेपछि सामाजिक परीक्षण गर्ने

नमूना छनोटमा परेका विद्यालयहरूमध्ये आधा भन्दा वढी विद्यालयहरूले चाँही सामाजिक परीक्षण गर्ने समय भन्दा पनि ढिलो वा समय कटेपछि आफ्नो विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गरेको पाइयो ।

### ४.१.३ सामाजिक परीक्षण गर्दै नगर्ने

नमुना छनोटमा परेका विद्यालयहरूले चाँही सामाजिक परीक्षण सवैले गर्ने गरेको पाइयो ।

### ४.१.४ सामाजिक परीक्षण नगर्दा कारबाहीमा परेका विद्यालयहरू

समयमा सामाजिक परीक्षण नगर्ने वा गर्दै नगर्ने विद्यालयहरूलाई विभागीय कारबाही गर्नु पर्ने नीति नियम भएता पनि सामाजिक परीक्षण नगर्ने विद्यालयहरूलाई विभागले कुनै पनि कारबाही गरेको पाइएन ।

### ४.१.५ सामाजिक परीक्षणको जानकारी

शिक्षक अभिभावक संघको सबै पदाधिकारीहरूलाई सामाजिक परीक्षणको जानकारी हुनुपर्छ । सामाजिक परीक्षणको उद्देश्य परीक्षण गर्ने विषय वस्तु, प्रक्रियाबारे थाहा हुनुपर्दछ । तबमात्र शिक्षक अभिभावक  संघले सामाजिक परीक्षण गर्ने गराउने कार्यमा राम्रो भूमिका खेल्न सक्छ । सामाजिक परीक्षणको लागि अभिभावकहरूलाई  जानकारी, अन्तरक्रिया र अभिमूखिकरण गर्नुपर्दछ । यस क्षेत्रका विद्यालयहरूका सरोकारवालाहरूलाई सामाजिक परीक्षणबारे जानकारीको लागि अर्न्तक्रिया चलाएको छ छैन, भनि खोजीगर्न अनुसूची १, २, ३, ४, ५ ,६ र ७ मा संलग्न प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका १ : सामाजिक परीक्षणको जानकारी**

| क.स | सरोकारवाला | जम्मा सङ्ख्या | जानकारी नभएका | | अलि अलि जानकारी भएका | | जानकारी भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स. | प्रतिशत | स. | प्रतिशत | स. | प्रतिशत |
| १ | वि.व्य.स. | १६ | २ | १३ | ५ | ३१ | ९ | ५६ |
| २ | शि. अ. संघका पदाधिकारी | १६ | ४ | २५ | ५ | ३१ | ७ | ४४ |
| ३ | अभिभावक | १६ | ८ | ५० | ५ | ३१ | ३ | १९ |
| ४ | शिक्षक | १६ | - | | ३ | १९ | १३ | ८१ |
| ५ | प्र.अ | १६ | - | - | - | - | १६ | १०० |
| ६ | सोतव्यक्ति | १ | - | - | - | - | १ | १०० |
| ७ | विद्यार्थी गतिविधि | | | | | | | |
| | जम्मा | ८१ | १४ | १७ | १८ | २३ | ४९ | ६० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका विश्लेषण गर्दा हाल सामुदायिक विद्यालयहरूमा कार्यान्वयन भै रहेको सामाजिक परीक्षणको जानकारी वि.व्य.स. ५६%, शि.संघका पदाधिकारीहरू मध्ये ४४%, अभिभावकहरू मध्ये १९%, शिक्षकहरू ८१%, प्र.अ. र स्रोत व्यक्तिहरूलाई सतप्रतिशतलाई जानकारी रहेको पाइयो । सबभन्दा कम १९%, जानकारी अभिभावकमा रहेको छ ।

६०%, सरोकारवालाहरूलाई मात्र सामाजिक परीक्षणको जानकारी रहेको पाइयो । व्यवस्थापन सम्बन्ध मानव सम्बन्ध सिद्धान्तले सँगठनमा काम गर्नेहरूका बीच प्रभावकारी संचार र समन्वय हुनुपर्नेमा जोड दिएतापनि विद्यालय सरोकारवालाहरूलाई सम्बन्धित निकायहरूबाट सामाजिक परीक्षणको सम्बन्धमा कुनै किसिमको अभिमुखिकरण तालिम, गोष्ठी दिएर संचार र समन्वय प्रभावकारी बनाइएको पाइएन । सरोकारवालाहरू सबैलाई सामाजिक परीक्षण सम्बन्धमा तालिम र गोष्ठीद्वारा सुसूचित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.१.६ विद्यालयको भौतिक तथा जिन्सी अभिलेख

नमूना छनोटमा परेका विद्यालयहरू मध्ये अधिकांश विद्यालयहरूको भौतिक तथा जिन्सी सामानहरूको जिम्मेवारी प्र.अ. सँग रहेको भएता पनि केही विद्यालयहरूमा शिक्षक, शिक्षक अभिभावक संघ, वि.व्य.स. का पदाधिकारी र लेखापाल तथा कर्मचारीहरूमा पनि रहेको पाइयो।

### ४.१.७ विद्यालयको आर्थिक अभिलेखीकरणको कारोवार

**प्र.अ. :** सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको कार्यमा आर्थिक कारोबार तथा अभिलेख राख्ने जिम्मेवारीको सन्दर्भमा नमुना छनोटमा परेका विद्यालयहरूमा माध्यमिक तहका विद्यालयहरुमा लेखापालले र अधिकांश आधारभुत विद्यालयहरूमा प्र.अ. बाट नै आर्थिक कारोकारको अभिलेख राख्ने गरेको पाइयो ।

**प्र.अ. र लेखापाल** : सामाजिक परीक्षणको सिलसिलामा सामुदायिक विद्यालयका केही सरोकारवालाहरूबाट प्र.अ. तथा लेखापालद्वारा विद्यालयको आर्थिक कारोबारको अभिलेख राख्नु पर्ने कुरामा जोड दिएको पाइयो ।

**शिक्षक तथा प्र.अ.**: सामाजिक परीक्षणमा आर्थिक कारोबारको जिम्मेवारीमा सरोकारवालाहरू मध्ये केही व्यक्तिले शिक्षक तथा प्र.अ.हरूले नै विद्यालयको आर्थिक कारोबारको अभिलेखीकरण राख्नु पर्ने औल्याए ।

**लेखापालले मात्र** : सामुदायिक विद्यालयको सामाजिक परीक्षणको कार्यमा उक्त विद्यालयहरूको सरोकारवालाहरू मध्ये अधिकांस व्यक्तिहरूले विद्यालयको आर्थिक अभिलेखीकरण लेखापालले  राख्नु पर्ने कुरामा जोडि दिएको छन् ।

### ४.१.८ विद्यालयको भौतिक, जिन्सी अभिलेख राख्ने शैली

सामुदायिक विद्यालयहरूमा आय/व्यय गर्ने र सो को अभिलेख राख्ने प्र.अ., शिक्षक, लेखापाल वा  कर्मचारीको अभिलेख राख्ने शैलि कस्तो छ भनी अध्ययन क्षेत्रका विद्यालयहरूमा खोजी गर्न अनुसूची १, २, ३, ४, ५ र ६ सँग संलग्न प्रश्नावालीको प्रयोग गरी निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ ।

**तालिका २ : भौतिक र जिन्सी अभिलेख राख्ने शैली**

| क.स | अभिलेख राख्ने शैलि | संख्या - विद्यालयको संख्या) | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य डायरीमा टिपोट | २ | १२.५ |
| २ | परम्परागत | २ | १२.५ |
| ३ | वैज्ञानिक | १० | ६२.५ |
| ४ | सुधारिएको | २ | १२.५ |
| | जम्मा | १६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका विश्लेषण गर्दा अधिकांश विद्यालयहरूमा आय/व्यय खर्चको अभिलेख व्यवस्थित, वैज्ञानिक र पारदर्शी तरिकाले राख्ने प्रयास गरेको पाइयो । दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार ६२.५%, विद्यालयहरूले  डे/के  गरी लेखा राखेको पाइएको छ । प्र.अ.हरूको आम्दानि र खर्चको अभिलेख राख्ने शैली  पारदर्शी वनाउन प्रयास गरेको पाइयो । भौतिक तथा जिन्सी आम्दानी र खर्चको प्रायः धेरै विद्यालयका प्र.अ.हरूले लिखित अभिलेखको रूपमा राख्ने

कार्य पहिला नगरेको भएता पनि विद्यालयहरुमा सामाजिक परीक्षण कार्य अनिवार्य गर्नु पर्ने भएपछि सोकार्यको थालनी गरेको पाइयो । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैली परिवर्तन गरी वैज्ञानिक र पारदर्शी बनाउनु पर्छ भने वमोजिम प्र.अ. तथा अभिलेख राख्ने शिक्षक र लेखापाल कर्मचारीहरूको लेखा राख्ने शैलीमा परिर्वतन आउन थालेको हो कि भन्ने अभिलेखले देखाएको पाइयो ।

### ४.१.९ सामाजिक परीक्षणको असर

सामाजिक परीक्षणगरी सार्वजनिक गर्ने विद्यालयहरूमा त्यसको असर अभिभावक तथा समुदायमा कस्तो रहयो भनि अध्ययन गर्दा निम्नानुसारको प्रतिक्रियाहरू प्राप्त भएको छ ।

**तालिका ३ : सामाजिक परीक्षणको असर**

| क.स | असर पर्ने पक्षहरू | सकारात्मक | | नकारात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | बढेको | प्रतिशत | घटेको | प्रतिशत | |
| १ | शि.अ.संघ. प्रति अभिभावक प्र.अ. तथा समुदायको सोच | १२ | ७५ | ४ | २५ | १६ |
| २ | प्र.अ. तथा शिक्षकहरूको मान सम्मान | १२ | ७५ | ४ | २५ | १६ |
| ३ | विद्यालयको गतिविधि प्रति अभिभावकको चासो | १२ | ७५ | ४ | २५ | १६ |
| ४ | वि.व्य.स. र शि.अ.संघको गतिविधि प्रति अभिभावकहरू को प्रतिक्रिया | १२ | ७५ | ४ | २५ | १६ |
| | औसत | | ७५ | | २५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकाबाट सामाजिक परीक्षणले प्र.अ., शिक्षक, विद्यालय कर्मचारी, वि.व्य.स. र शि.अ. संघको समुदायमा ७५%, सकारात्मक र २५%, मात्र उनीहरूप्रति समुदायको नकारात्मक सोच भएको छ । यसरी समयमा भन्नु पर्दा सामाजिक परीक्षण गर्दा विद्यालयसँग प्रत्यक्ष सरोकारवालाहरू प्रति सामाजिक परीक्षणले राम्रो सन्देश दिने कुरा पुष्टि गर्दछ । यसले सामाजिक परीक्षणलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन पक्षमा जोड दिनुपर्ने देखिन्छ ।

## ४.२ सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका

विद्यालयहरूमा सामाजिक परीक्षण गर्नको लागि शि.अ. संघ द्वारा गरिने विभिन्न क्रियाकलापहरूका सम्बन्धमा अनुसूचीमा उल्लेखित प्रश्नावलीको प्रयोग गर्दा निम्नानुसारको प्रतिक्रियाहरू प्राप्त भएको छ ।

**वैठक :** सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिकामा सम्बन्धित सरोकारवाला व्यक्तिहरूले आफ्नो दायित्वलाई बैठक बस्ने सन्दर्भमा औपचारिकता मात्र पूरा गर्ने उद्देश्यले बैठक बस्ने गरेको पाइयो ।

**अनुगमन** : सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिकामा सरोकारवाला व्यक्तिहरू जसको अनुगमन तथा निरीक्षण बेलाबेलामा गरेको खण्डमा ती व्यक्तिहरूको कार्यमा अझ निखारता आउने हुन्छ । त्यसबाट सामाजिक परीक्षणमा टेवा पुगी त्यससँग सम्बन्धित व्यक्तिहरू समेत सक्रिय रूपमा लाग्ने हुन्छन् ।

### ४.२.१ प्रतिवेदनको सार्वजनिकीकरणको अवस्था

सामाजिक परीक्षण पछि प्रतिवेदन सार्वजनिक गर्ने अवस्था खोजि गर्न अध्ययन क्षेत्रका विद्यालयहरूको शिक्षक अभिभावक संघ अनुसूची १ अनुसारको प्रश्नावली प्रयोग गर्दा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ ।

**तालिका ४ : प्रतिवेदन सार्वजनिकीकरणको अवस्था**

| प्रतिवेदन सार्वजनिकिकरणको अवस्था | | | |
|---|---|---|---|
| क्र.स | प्रतिवेदन सार्वजनिकिकरण | सार्वजनिकि गर्ने विद्यालय संख्या | प्रतिशत |
| १ | गर्छ | १० | ६२.५ |
| २ | गर्दैन | ६ | ३७.५ |
| ३ | थाहाँ छैन | ० | |
| | जम्मा | १६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकाबाट हाल सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणको अवस्था देखिन्छ । सार्वजनिक गर्ने अवस्था ६२.५%, देखिन्छ । सामाजिक परीक्षण गर्नुपर्ने वाध्यात्मक अवस्थाले गर्दा सामाजिक परीक्षण समिति गठन गरी औपचारीकताका लागि मात्र भए पनि परीक्षण गर्ने गरिएको पाइयो ।सामाजिक परीक्षण गर्दा विशेष गरी आर्थिक हिसाब किताबको बढी खोजी गर्ने गरेको प्रतिक्रिया प्राप्त भएको छ । शि.अ. संघले कामको जिम्मेवारी र दायित्वबाट प्राय : पन्छिने अरुलाई देखाएर उम्कने प्रकृतिको कुराहरू बढी प्राप्त भएको छ । सबै काम प्र.अ. ले नै गर्नुपर्ने काम बिग्रेमा प्र.अ. लाई दोष थुपार्ने र राम्रो भए आफूले जस पाउने कुराको परिपाटी रहेको प्रतिक्रिया प्राप्त भएको छ ।

### ४.२.२ विद्यालयको आर्थिक कारोबारको जवाफदेहिता

विद्यालयमा भएका आर्थिक कारोबारहरूको जवाफदेहिता कसको हो भनी अध्ययन क्षेत्रका विद्यालयहरूका सरोकारवाला बीच खोजीगर्दा निम्नअनुसारको प्रतिक्रिया प्राप्त भएको छ।

**तालिका ५ : आर्थिक कारोबारको जवाफदेहिता**

| क.स | जिम्मेवारी | खर्चगर्ने | खर्च प्रभावित गर्ने | लेखा राख्ने | अनुगमन रेखदेख | व्यवस्थापन गर्ने | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ/प्राचार्य | १६ | ४ | २ | ६ | ४ | ३२ |
| २ | शिक्षक | | ४ | ३ | ३ | २ | १२ |
| ३ | वि.व्य.स अध्यक्ष | | ६ | | ७ | ८ | २१ |
| ४ | लेखापाल | | २ | ११ | | | १३ |
| | जम्मा | १६ | १६ | १६ | १६ | १६ | ७८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका अनुसार विद्यालयहरूको आर्थिक कारोवारको जवाफदेहिता वि.व्य.स. र प्र.अ. नै हुन्छ भन्ने कुरा पुष्टि गर्दछ । प्र.अ. ले खर्चगर्ने गराउने र प्रमाणित गर्ने कुराको जवाफदेहितामा जोड दिएको छ भने वि.व्य.स. ले अनुगमन रेखदेख र व्यवस्थापनको जवाफदेहिता औंल्याएको छ । विद्यालयहरूमा विशेषगरी रा.शि.प. योजना २०२८ लागू हुनु पूर्व समुदायबाट नै बढी लगानी हुन्थ्यो विद्यालयमा के कति आम्दानी र खर्च भयो सोको अभिलेख तत्कालिन विद्यालय संचालक समितिका सेक्रेटरीले राख्ने गरेको पाइन्छ । प्र.अ. ले सेक्रेटरीको निर्देशन बमोजिम खर्चगर्ने गर्दथ्यो । प्रजातन्त्र बहाली पश्चात सरकारले शिक्षामा लगानी वृद्धि गर्दै आयो । सामुदायिक विद्यालयबाट जनताका छोरा छोरीलाई निः शुल्क शिक्षा प्रदान गर्ने कार्य अगाडी बढन थाल्यो र विस्तारै विस्तारै समुदायको विद्यालयहरूबाट बाहिरिदै गयो । परिणाम

स्वरूप आज राज्यले शिक्षाको गुणस्तर घटेको छ । समुदायले आफ्नो बालबालिका सरकारको लगानी गरेको विद्यालयमा पढाउन रुचाउदैनन् । सरकारले समुदायका बालबालिका सामुदायिक विद्यालयमा आर्कषित गर्न विभिन्न छात्रवृति तथा सुविधाहरूमा वृद्धि गर्छ । बालबालिका उक्त विद्यालयमा त्यत्तिनै घट्दै गइरहेको छ । त्यसैले राज्यले अभिभावकहरूलाई जिम्मेवार बनाउन विद्यालयको प्रत्येक गतिविधिमा सहभागी र जानकारी उपलब्ध गराउने उद्देश्यले सामाजिक परीक्षणगर्ने र सो को सार्वजनिकिकरणको जिम्मेवारी शि.अ.सं. लाई सुम्पेको छ ।

### ४.२.३ भौतिक तथा जिन्सी सामानको जवाफदेहिता

सामुदायिक विद्यालयको भौतिक तथा जिन्सी सामानहरूको विवरणको जवाफदेहिता सम्बन्धमा सम्बन्धित स्थानमा गई त्यससँग सरोकार राख्ने व्यक्तिहरूसँग प्रश्न गर्दा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएकाले जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

**तालिका ६ : भौतिक तथा जिन्सी सामानको जवाफदेहिता**

| क.स | जिम्मेवारी | खरीदगर्ने | अभिलेख | अनुगमन | व्यवस्थापन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ/पाचार्य | ८ | | २ | ६ | १६ | ३२ |
| २ | वि.व्य.स. अध्यक्ष | | | ८ | ६ | १४ | २८ |
| ३ | लेखापाल | ८ | ८ | | ४ | २० | ४० |
| | जम्मा | १६ | ८ | १० | १६ | ५० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका अध्ययनबाट प्र.अ.को जवाफदेहिता ३२%, वि.व्य.स. अध्यक्षको २८% तथा लेखापालको ४०% रहेको छ । जसअनुसार सबैभन्दा बढी लेखापालको जिम्मेवारी देखियो भने सबैभन्दा कम वि.व्य.स.को रहेको पाइयो ।

### ४.२.४ सामाजिक परीक्षणबाट अभिभावकहरूको जवाफदेहिता

सामुदायिक विद्यालयप्रति अभिभावकहरूमा जवाफदेहिताको सामुदायिक विद्यालयप्रंति अभिभावकहरूमा आफ्नो कर्तव्य र जिम्मेवारीबाट पन्छिने प्रवृति रहेको हुनाले सामाजिक परीक्षणबाट अभिभावकहरूमा सामाजिक परीक्षणबाट अभिभावकहरूमा विद्यालयप्रतिको जवाफदेहिता कतिको वृद्धि हुन्छ भनि अध्ययन क्षेत्रका व्यक्तिहरूलाई अनुसूची प्रश्नावली प्रयोग गर्दा प्राप्त प्रतिक्रियाहरूलाई निम्नानुसार तालिकाबद्ध गरी विश्लेषण गरिएको छ ।

**तालिका ७ : अभिभावकहरूको जवाफदेहिता**

| क.सं. | अभिभावकहरूमा जवाफदेहिता | वि.व्य.सं. अध्यक्ष | शि.अ.सं. अध्यक्ष | अभिभावक | स्रोतव्यक्ति | शिक्षक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सम्भव छ | ७ | ६ | ९ | १ | ८ | ३१ | ४८% |
| २ | सम्भव छैन | २ | ३ | १ | - | ५ | ११ | १७% |
| ३ | आंशिक थाहा छ | ५ | ४ | ३ | - | ३ | १५ | २३% |
| ४ | थाहा छैन | २ | ३ | ३ | - | | ८ | १२% |
| | जम्मा | १६ | १६ | १६ | १ | १६ | ६५ | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अध्ययनबाट ४८% सरोकारवालाहरूले सामाजिक परीक्षणबाट अभिभावकहरूमा विद्यालयप्रतिको जवाफदेहिता वृद्धि हुने सम्भावना व्यक्ति गरेका छन् भने १७% ले सम्भावना छैन भनि व्यक्ति गरेका छन् । यसरी समग्रमा अनुसन्धानको नतिजा हेर्दा सामाजिक परीक्षणबाट आर्कषक जिम्मेवारी रुची र चासोमा वृद्धि हुने कुरा पुष्टि गर्दछ । यसले विद्यालयको सम्पूर्ण क्रियाकलापमा पारदर्शीता र गुणस्तर वृद्धि गर्न मदत पुग्ने छ भन्ने कुरा अनुसन्धानबाट प्राप्त तथ्याङ्कले पुष्टि गरेको छ ।

विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजना र निति नियम निर्माण सम्बन्धी अधिकार स्थानीय तहमा हस्तान्तरण गर्न सक्दा मात्र शैक्षिक गुणस्तर वृद्धि हुने कुरामा निति नियम

भएपनि त्यो व्यवहारमा स्थानीय तहलाई औपचारीकता मात्रको छ । टाठा बाठाको व्यक्तिगत स्वार्थले अरु सर्वसाधारणलाई जानकारी नगराई चुपचाप काम गर्ने प्रवृति हावी रहेको छ । टाठा बाठाहरूको अनुसार कार्य नगर्दा उनिहरूले काममा बाधा अवरोध गर्ने र सर्वसाधारण मुकदर्शक भई रहने अवस्थाले गर्दा पनि विद्यालयको आर्थिक तथा सामाजिक पारदर्शिता नभएको अवस्था देखिन्छ । समाजका केहि अगुवा भन्ने व्यक्तिहरूले नै पारदर्शिता रुचाउदैनन । जसले गर्दा पनि आर्थिक र सामाजिक गतिविधिमा पारदर्शिता नभएको हो ।

## ४.३ सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरू

सामाजिक परीक्षणले विद्यालयको योजना निर्माण देखि कार्यान्वयन र प्रतिफल मूल्याङ्कन सम्म सरोकारवालाहरूलाई संलग्न गराई हरेक गतिविधि र क्रियाकलाप सार्वजनिक गर्दै पारदर्शी बनाई विद्यालयलाई  आलोचनामुक्त बनाउन सहयोग पुऱ्याउँछ । विद्यालय स्थानीय समुदायबाट टाढिएको विद्यालय अभिभावक र सुमुदायको आलोचना दुबैको छायामा परेको र प्र.अ. तथा वि.व्य.स. लाई आर्थिक तथा अन्य अनियमितताको आरोप लाग्ने गरेको अवस्थामा सामाजिक परीक्षणले त्यस्ता समस्याहरूलाई समाधान गर्न सहयोग पुऱ्याउने आसय थियो । सरोकारवालाहरूको तर्फबाट विस्वस्त रूपमा अध्ययन छलफल मूल्याङ्कन गर्न ऐन, कानुन र नियममा व्यवस्था गरी सामाजिक परीक्षण प्रचलनमा ल्याएको हो । विद्यालयमा स्थानीय जनसहभागिता जुटाउन र विद्यालयको सम्पूर्ण गतिविधिको पारदर्शीताका लागि सरकारले विद्यालयमा सामाजिक परीक्षण गर्ने कार्यलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याएको छ ।

सामाजिक परीक्षण कार्यान्वयनको शुरुको समयमा यसलाई औपचारीकतामा मात्र सिमित गरिएको भएतापनि पहिलेका दिनहरूमा व्यवहारीक बनाउन विद्यालय शिक्षाका विभिन्न निकायहरूको प्रभावकारी भूमिका खेल्दै आइरहेकोछ । विद्यालयहरूमा सामाजिक परीक्षण हुन थालेपछि विद्यालयका गतिविधि र क्रियाकलापहरूमा सुधार हुन थालेको छ । तर जति हुनुपर्ने हो त्यति भएको पाइदैन । सामाजिक परीक्षणको प्रभावकारी कायान्वयनमा के कस्तो समस्याहरू देखिएका छन् भन्ने विषयमा सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रियाहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ जानकारीको अभाव

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका सम्बन्धमा अध्ययन गर्दा अधिकाशं सरोकारवालाहरूलाई सामाजिक परीक्षणबारे जानकारी नभएको पाइयो ।

### ४.३.२ अभिमुखीकरणको अभाव

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका सम्बन्धमा अध्ययन गर्दा सरोकारवालाहरूलाई सामाजिक परीक्षण बारे जानकारीको लागि उनीहरूलाई सो सम्बन्धि अभिमुखीकरणको अभाव रहेको पाइयो ।

### ४.३.३ समयको अभाव

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका सम्बन्धमा अध्ययन गर्दा सरोकारवाला व्यक्तिहरूले सामाजिक परीक्षण सम्बन्धमा चासो र समय नदिएको पाइयो ।

### ४.३.४ प्रोत्साहनको अभाव

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका सम्बन्धमा अध्ययन गर्दा सरोकारवाला व्यक्तिलाई सामाजिक परीक्षण कार्यमा प्रोत्साहित नगरिएको पाइयो ।

वास्तवमा विद्यालयको व्यवस्थापन संचालनमा रेखदेख नियन्त्रण सामाजिक परीक्षण कसरी गर्ने आदि जस्ता कुराको अधिकांश सरोकारवालाहरूलाई थाहाँ हुदैन र चासो पनि राख्दैन यस्तो अवस्था छ । सरोकारवालाहरूलाई जानकारी नहुनु सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका प्रमुख समस्या हो । त्यसैगरी सामाजिक परीक्षण गर्न पर्याप्त समयको आवश्यकता पर्दछ । विद्यालयको सरोकारवालाहरूले विद्यालयको गतिविधि र क्रियाकलापलाई त्यति महत्व दिएको हुदैन । नीतिहरू नियमबारे बुझ्न हेर्नको लागि समय दिदैन । त्यसैले सरोकारवालाहरूले सामाजिक परीक्षणको लागि समय दिन चाहदैनन् । यसलाई झारो टारेर सक्न चाहन्छन ।

विद्यालयको गतिविधि र व्यवस्थापनमा राम्रो खट्ने र समय दिएर काम गर्नेलाई उचित मूल्याङ्कन गरी कुनै प्रकारको प्रोत्साहन स्वरूप पुरस्कृत गर्ने व्यवस्था हुदैन जसले गर्दा पनि सामाजिक परीक्षण कार्यान्वयनमा समस्या हुने गर्दछन् भन्ने कुरा अनुसन्धानबाट प्रष्ट भएको छ ।

## ४.४. सामाजिक परीक्षणमा देखिएका समस्या र समाधानका उपायहरू

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरू के के हुन सक्छन् भनी अध्ययन क्षेत्रका सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रियाहरू निम्नानुसार रहेका छन् ।

### ४.४.१ सचेतना कार्यक्रम

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण सम्बन्धमा जानकारी गराउन सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ अभिमुखीकरण तालिम

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण सम्बन्धमा समय समयमा अभिमुखीकरण तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

### ४.४.३ शिक्षक अभिभावक संघ सक्रिय हुनु पर्ने

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण सम्बन्धमा जानकारी गराउन शिक्षक अभिभावक संघ हरबखत सक्रिय हुनु पर्ने देखिन्छ ।

### ४.४.४ पुरस्कार र पृष्ठपोषण

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण सम्बन्धमा सक्रिय गराई उनीहरूलाई बेलाबेलामा पुरस्कार र पृष्ठपोषणको समेत व्यवस्था गरी सामाजिक परीक्षणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

### ४.४.५ कामको बाडँफाँड

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण गराउन सम्बन्धित व्यक्तिहरूलाई निश्चित कामको जिम्मेवारी दिई सामाजिक परीक्षण कार्यको बोध गराउनु पर्ने देखिन्छ ।

### ४.४.६ अनुगमन तथा निरीक्षण

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा सरोकारवालाहरूलाई सामाजिक परीक्षण गराउन सम्बन्धित व्यक्तिले बेलाबेलामा निरीक्षण तथा अनुगमन गर्नु पर्ने देखिन्छ ।

माथिका उपायहरू अबलम्बन गर्न सकेको खण्डमा विद्यालयमा भएका अन्य गतिबिधिका अतिरिक्त आर्थिक कारोबारहरूमा समेत पारदर्शिता आई विद्यालय संचालन र गुणस्तर अभिवृद्धिमा समेत सुधार हुने कुरामा विश्वास गर्न सकिन्छ । विद्यालयमा उचित मानवीय व्यवस्थापनको विकास हुनुपर्दछ । सरोकारवालाहरूबीच उचित नेतृत्व, सीप, संचार र समन्वयको स्पष्ट कार्यविभाजन हुनुपर्दछ । यसका अतिरिक्त नेपाल सरकारको तर्फबाट गुणस्तरीय शिक्षा, सीपमूलक शिक्षा एवम रोजगारमूलक शिक्षा तथा वर्तमान परिप्रेक्ष सुहाउँदो शिक्षा नीति ल्याउनु आवश्यक देखिन्छ ।

# परिच्छेद : पाँच

## ५. प्राप्ति, निष्कर्ष र सुझावहरू

सामुदायिक विद्यालयमा सामाजिक परिक्षणमा शिक्षक अभिभावक संघको भुमिका हेर्न गरिएको यस अध्ययनबाट निम्नानुसारका प्राप्ति, निष्कर्ष र सुझावहरू प्राप्त भएका छन् ।

## ५.१ प्राप्तिहरू

विद्यालयहरूमा सामुदायिक सहभागिता बढाई विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्य अनूरूप सामाजिक परिक्षणलाई कार्यान्वयनमा ल्याइएको छ । सामाजिक परिक्षणमा शि.अ.संघको भुमिका भन्ने विषयमा धरान स्रोतकेन्द्र भित्रका विद्यालयहरूमा यो अध्ययन सिमित गरिएता पनि विद्यालय तहको नीति निर्माण गर्ने निकायका लागि आगामी दिनमा सामाजिक परिक्षणमा शि.अ. संघको भुमिकाबारे के कस्तो नीति नियम अवलम्बन गर्ने वा नगर्ने भन्ने विषयमा यस अनुसन्धानले अवश्य पनि सहयोग पुऱ्याएको छ । विश्लेषण गरी यस अनुसन्धान ले शि.अ. संघको भुमिका प्रमुख रहनुका साथै अन्य धेरै पक्षहरूसँग सम्वन्धित प्राप्तिहरू दिन सफल भएको छ ।

विद्यालयका सरोकारवालहरू मध्ये सामाजिक परिक्षणमा शि.अ. संघका सबै पदाधिकारीहरूलाई र अभिभावकहरूलाई जानकारी नभएको पाइयो । विद्यालयहरूमा सामाजिक परिक्षण गर्ने काम शि.अ. संघको नाम मात्रको रहेको पाइयो । सम्पूर्ण कार्य प्र.अ.ले नै आफै वा कुनै शिक्षकलाई गर्न लगाई शि.अ. संघको अध्यक्षले सही मात्र गर्ने गरेको पाइयो । एक/दुई विद्यालयहरू मात्र केही छलफल गरी सामाजिक परिक्षण गरेको पाइयो । अधिकाशं विद्यालयहरूमा सामाजिक परिक्षणको सम्पूर्ण सदस्यहरूलाई समेत सामाजिक परिक्षणबारे जानकारी नगराएको पाइयो । धेरै विद्यालयहरूमा शि. अ.संघले सामाजिक परिक्षण गर्ने गराउने काम प्र.अ.को हो, यो उसैले गर्छ, उसैले जान्दछ भनि वास्ता नगर्ने गरेको पाइएको छ । सामाजिक परिक्षणबारे सरकारको तर्फबाट शि.अ.संघलाई कुनै तालिम तथा गोष्ठिमा सामेल गराइएको छैन । त्यसकारण उनीहरू आफ्नो दायित्वबाट पन्छिने गरेको पाइयो । सामुदायिक विद्यालयहरूलाई जिल्ला शिक्षा कार्यालयले अनिवार्य रूपमा सामाजिक परीक्षण प्रतिवेदन

बुझाउन लगाएकोले विद्यालयहरूमा सामाजिक परीक्षण गर्ने गरेको छ । तर यो औपचारिकताको रूपमा मात्र प्रतिवेदनमा सिमित गरिएको पाइयो । तथापि अधिकाशं विद्यालयहरूमा सामाजिक परिक्षण प्रतिवेदन सार्वजनिक गर्ने गरेको पाइयो । विद्यालयहरूले सामाजिक परिक्षण प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरूको उपस्थिती न्युन रहने गरेकोको पाइयो । विद्यालयमा शि.अ.संघले सक्रियरूपमा यस कार्यमा लाग्ने हो भने सामाजिक परिक्षण प्रभावकारी रूपमा लागु गर्न सकिन्छ ।

धेरै जसो विद्यालयहरूमा हचुवाको भरमा सामाजिक परिक्षण गर्ने गरेको हुनाले व्यवस्थापनकालाई दिइएका सुझावहरू पनि हचुवा भएको हुनाले कार्यान्वयन पनि उहि रुपमा भएको पाइयो भने केही विद्यालयहरूमा सामाजिक परिक्षण थोरै मात्रामा वास्तविक भएपनि त्यस्ता सुझावहरू कार्यान्वयन नभएको पाइयो । कुनै एक दुई विद्यालयहरूमा थोरै मात्रामा सामाजिक परिक्षणको प्रतिवेदनको सुभावहरू कार्यान्वयन भएको पनि पाइयो ।

सामाजिक परिक्षणको प्रचलनले सामुदायिक विद्यालयहरूमा विद्यालयको सम्पूर्ण पक्षको लेखाजोखा राख्नु पर्ने कुराको धारणाको विकास हुन थालेको पाइयो । अहिले सबै सामुदायिक विद्यालयहरूका सरोकारवालाहरूमा सामाजिक परिक्षण नगराई नहुने कुरामा सामाजिक परिक्षण गरी प्रतिवेदन तयार गर्ने गरेको छ तर यो औपचारिकतामा मात्र सिमित रहेको पाइयो ।

सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षण गरिसकेपछि धेरै जसो विद्यालयहरूले प्रतिवेदन सार्वजनिक नगरेको पाइयो । केही एक दुई वटा विद्यालयहरूले मात्र प्रतिवेदन अभिभावक भेला गराई सार्वजनिक गर्ने दिन प्राय : जसो सरोकारवालाहरूको उपस्थितलाई बढाउनका लागि शिक्षक अभिभावक संघको सक्रिय भुमिकाको आवश्यकता अध्ययनमा पाइयो । धेरै जसो विद्यालयहरूमा सामाजिक परिक्षण नाम मात्रको गर्ने गरेको हुन्छ । भने थोरैमा सामाजिक परिक्षण प्रक्रियागत गरेर प्रतिवेदनमा भएका सुझावहरू विद्यालय व्यवस्थापन समिति र प्र.अ.हरूले वेवास्ता गरेको पाइयो भने केही एक दुई ओटा विद्यालयहरूमा प्रतिवेदन सुझावहरू आंशिक रूपमा भएपनि कार्यान्वयन गरेको पाइयो । प्राय : जसो सामाजिक परिक्षण प्र.अ.हरूको काम हो भने शि.अ. संघको ध्यान नदिएको पाइयो । प्र.अ.हरूले बाध्य भएर औपचारिकता कै लागि भएपनि एक जना शिक्षकलाई खटाएर सामाजिक परिक्षण प्रतिवेदन

तयार गर्न लगाएको पाइयो । पूर्ण प्रतिक्रिया पूरा गरी गरिएको सामाजिक परिक्षण र खास गरेर शि.अ. संघको सक्रियतामा हुने गरेको सामाजिक परिक्षणको सार्वजनिक पछि विद्यालयका गतिविधि क्रियाकलापहरूमा सरोकारवालहरूको सहभागिता र संलग्नता बढ्न गएको छ तर राम्रो सहभागिता भने पाइएको छैन । सामाजिक परिक्षण गर्ने विद्यालयको आर्थिक लगायत सम्पूर्ण गतिविधिहरूमा शि.अ. संघको सक्रियता र सहभागिता बढ्न थालेको छ ।

सामाजिक परिक्षणमा विद्यालयका सबल र दुर्वल पक्षहरू केलाउनु पर्ने र सोको आधारमा आगामि दिनमा विद्यालयको सुधारमा ध्यान दिनु पर्ने कुरा भएकोले सो कुराहरू केलाउन शि.अ.संघ असमर्थ देखिएकोले शि.अ.संघ र सरोकारवालामा तालिम र गोष्ठीको कमी रहेको पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक विद्यालय संचालनमा सबैभन्दा महत्वपूर्ण भुमिका प्र.अ. को हुन्छ । प्र.अ. ले योजनाकार, शैक्षिक नेता, व्यवस्थापक, सामाजिक परिचालक र अनुगमनकर्ताको भुमिका निर्वाह गर्नु पर्दछ । विद्यालय संचालनमा प्र.अ.लाई सहयोग पुऱ्याउन शिक्षा ऐन विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ । विद्यालय संचालन र गुणस्तर शिक्षाको वातावरण निमार्ण गर्न प्र.अ. एक्लैले मात्र सम्भव हुदैन । यो एउटा सामुहिक कार्य हो । यसमा वि.व्य.स. शि.अ..संघ र सम्पूर्ण शिक्षकहरूको सक्रिय सहयोगको आवश्यकता पर्दछ । प्र.अ. ले यो सबैलाई समेटेर सहकार्य गर्नुपर्दछ भने प्र.अ. लाई राम्रो सहयोग गर्दा प्र.अ. ले हाम्रै भलोको निम्ति गर्नु हुन्छ भन्ने अभिभावकहरूले आफ्नै भलोको निम्ति गर्नु हुन्छ भन्ने अभिभावकहरूले सोच्नु पर्दछ साथै प्र.अ.ले पनि यो अभिभावकहरूको सहयोग बिना मेरो अस्तित्व रहदैन भन्ने बुझ्नु पर्दछ । अतः प्र.अ. र अभिभावकहरूको बीच नङ्ग र मासुको सम्बन्ध रहेको छ । यसै सन्दर्भमा अभिभावक र विद्यालयबीचको सम्बन्ध सुदृढ गर्दै विद्यालयमा भईरहेको गतिविधिमा सरोकारवालाहरूको सहभागिता बढाउने उद्देश्यले सामाजिक परिक्षणलाई कार्यान्वयनमा ल्याइएको हो । सामाजिक परिक्षणबाट विद्यालयहरूमा केही सुधार भएका छन् । प्र.अ. ले विद्यालयमा केही सुधार गर्न सक्ने वातावरण वनेको छ । प्र.अ. ले विद्यालयका

सरोकारवालाहरूसँग समन्वय गरी काम गर्नुपर्दछ र आफ्नो विद्यालय सुधार गर्न प्र.अ. लाई हामीले सहयोग गर्नुपर्छ भन्ने धारणाको विकास भएको छ ।

विद्यालयहरूमा प्राप्त भएको सरकारी र गैह्रसरकारी संघ संस्थाबाट प्राप्त अनुदान एवं खर्च तथा अभिलेखलाई व्यवस्थित र वैज्ञानिक ढंगले राख्नु पर्दछ र उसैले हेर्न चाहेको अवस्थामा देखाउनु पर्छ वा देखाउन लगाउनु पर्छ भन्ने धारणाको विकास सरोकारवालाहरूमा भएको छ । आर्थिक अनियमितताले अभिभावकहरूको सहभागिता र सहयोगमा अवरोध सिर्जना गर्दछ । यसैले गर्दा विद्यालयले आवश्यक समयमा अभिभावकको सहयोग र सहभागिता प्राप्त गर्न सक्दैन् । विद्यालयका गतिविधि र क्रियाकलापको केन्द्र विन्दु आर्थिक, मानविय व्यवस्थापन पक्ष र त्यसमा हुने खर्च तथा अभिलेखहरू हुन भन्ने तथ्यलाई यस अनुसन्धानले प्रष्ट पारेको छ । सरोकारवालाहरूलाई विद्यालयको आर्थिक जिन्सी, शैक्षिक, गतिविधिको जानकारी समय-समयमा गराई राख्नु पर्दछ । यसको लागि शि.अ.संघले सक्रिय भूमिका निर्वाह गर्नु पर्दछ । यसो नगरेको खण्डमा विद्यालयका सरोकारवालाहरू विद्यालयको समस्याबाट पन्छिन सक्ने तथ्यलाई यस अनुसन्धानले स्पष्ट पारेको छ ।

सामाजिक परिक्षणबाट विद्यालहरूमा हुने गरेको आर्थिक, जिन्सी, प्राप्ति, खर्च, मानवीय व्यवस्थापन, शैक्षिक गतिविधिमा पारदर्शिता आउन थालेको छ । प्र.अ. तथा वि.व्य.स.ले आर्थिक, जिन्सी, प्राप्ति, खर्च र मानविय व्यवस्थापनमा गर्ने अनियमिततामा अंकुश लागेको छ । सामुदायिक विद्यालयहरूमा अभिलेख राख्नु पर्ने अवस्थाको सिर्जना भएको छ ।

विद्यालय संचालनका लागि विशेषगरी स्थानीय समुदायको महत्वपूर्ण भुमिका रहन्छ । स्थानीय समुदायको वेवास्ताको कारणबाट विद्यालय मा प्र.अ. र वि.व्य.स.बाट बिना आर्थिक र मानविय व्यवस्थापनमा अनियमितता यदाकदा हुने गरेको कुरालाई रोक्न शिक्षा नियमावलीमा उल्लेखित व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ । सरोकोरवालाहरूको क्षमता वृद्धि गर्न तालिम, गोष्ठी र अभिमुखीकरण जस्ता कार्यक्रमहरू संचालन गर्नुपर्छ भन्ने तथ्यलाई यस अनुसन्धानले जोड दिएको छ । यसका लागि विद्यालयमा हुने गरेका विभिन्न गतिविधि तथा क्रियाकलापमा सरोकारवालाहरूको उल्लेखनीय उपस्थितिको आवश्यकता छ भन्ने तथ्यलाई यस अनुसन्धानले स्पष्ट पारेको छ । समग्रमा विद्यालयको आर्थिक, भौतिक, मानविय, व्यवस्थापन

शैक्षिक गतिविधि तथा क्रियाकलापहरूमा सरोकारवालाहरूलाई सहभागिता गराउदै त्यस्ता क्रियाकलापहरूको सार्वजनिक गराउनै पर्छ तब मात्र विद्यालयको आर्थिक, भौतिक, मानविय एंव शैक्षिक पक्षमा उन्नति र प्रगति हुन सक्ने तथा शैक्षिक गुणस्तरमा वृद्धि हुन्छ भन्ने निष्कर्ष यस अनुसन्धानबाट निस्केको छ ।

## ५.३ सुझावहरू

सामुदायिक विद्यालयहरूमा आर्थिक, भौतिक मानविय व्यवस्थापन र शैक्षिक गतिविधिको पारदर्शिताका लागि सामाजिक परिक्षणमा शिक्षक अभिभावक संघको भुमिका कस्तो छ भन्ने यस अनुसन्धानको केन्द्रविन्दु भौतिक मानविय व्यवस्थापन र शैक्षिक गतिविधिमा अनियमितता घट्ने क्रममा रहेको गतिविधिहरू सार्वजनिक हुन थालेको शि.अ.संघ ले सामाजिक परिक्षण गर्ने कुरामा सक्रियता तर्फ उन्मुख देखिन्छ । सामाजिक परिक्षण समितिका सुझावहरू क्रमिक रूपमा  कार्यान्वयन तर्फ अग्रसर हुन थालेको अवस्था देखिन्छ । सामाजिक परिक्षण पूर्णरूपमा सफल कार्यान्वयनमा रहेको अवस्था छैन । त्यसकारण सरोकारवालाहरूबाट प्राप्त सूचना, तथ्याङ्क र जानकारीको आधारमा विश्लेषण गरी निस्केको निष्कर्ष र प्राप्तिहरूलाई आधार बनाई केही सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तह

सरोकारवालाहरूलाई विद्यालयको सम्पूर्ण गतिविधिमा संलग्न हुन क्षमता अभिवृद्धि सम्बन्धी तालिम उपलब्ध गराउनु पर्दछ । विद्यालयमा प्र.अ. र कर्मचारीलाई आर्थिक तथा जिन्सी कारोवारको अभिलेख तथा दोहोरो लेखा प्रणाली अनुरूप लेखा राख्न लेखा तालिमको व्यवस्था गर्ने । विद्यालयको विभिन्न समस्या समाधान गर्नुका लागि आवश्यकताको प्राथामिकता निर्धारण गर्न सरोकारवालाहरूलाई सहभागी गराउनु पर्छ । योग्यता, क्षमता र नेतृत्व सीप भएका शिक्षकहरूलाई प्र.अ.को दायित्व प्रदान गर्नु पर्दछ । सामाजिक प्रतिवेदन सार्वजनिक गर्दा स्रोत व्यक्ति अनिवार्य उपस्थित हुनु पर्ने व्यवस्था गर्नु पर्दछ । समय-समयमा विद्यालयको सम्पूर्ण पक्षहरूको पालै पालो अनुगमन गर्ने ।

### ५.३.२ अभ्यास तह

विद्यालयका शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई र सामाजिक परिक्षण समिति का पदाधिकारीहरूलाई सामाजिक परिक्षण सम्बन्धि अभिभुखीकरणको तालिमको व्यवस्था गर्नुपर्दछ । समुदाय र विद्यालय बीच सुमधुर सम्बन्ध स्थापित गर्नुका लागि विभिन्न कार्यक्रम संचालन गरी विद्यालयमा सरोकारवालाहरूलाई उपस्थिती गराउनु पर्दछ । विद्यालयको वार्षिक कार्यक्रम निर्माण ,कार्यान्वयन र उपलब्धि मूल्याङ्कन गर्न सरोकारवालाहरूलाई संलग्न गराउनु पर्दछ । वैज्ञानिक ढंगले सबैमा कामको वाडँफाडँ गर्नु पर्दछ । शि.अ.संघ सकारात्मक रूपमा प्रस्तुत भई प्र.अ., वि.व्य.स., शिक्षक र अभिभावकहरूलाई विद्यालयप्रति इमान्दारी पूर्वक सक्रियता देखाउन प्रोत्साहान गर्नु पर्दछ । सामाजिक परिक्षण समितिलाई परिक्षणबारे अभिमुखिकरण गरी सक्रिय रूपमा सबै पक्षलाई अभिलेख हेर्न र राख्न लगाउने । शि.अ.संघले समय मै सामाजिक परिक्षणको प्रतिवेदन तयार गर्न लगाई सार्वजनिक गर्नु पर्दछ । सामाजिक परीक्षण समितिले प्रतिवेदनमा दिएको सुझावहरू कार्यान्वयन गर्न लगाउने ।

### ५.३.३ अनुसन्धान तह

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शि.अ.संघको भूमिका विषयक शोधकार्यमा प्रस्तुत गरिएका विभिन्न प्रकारका शोध, अध्ययन तथा अनुसन्धानको निष्कर्षमा के भन्न सकिन्छ भने यस विषयसँग सम्बन्धित विभिन्न प्रकारका लेख रचना तथा साहित्यहरूको अध्ययनबाट प्राप्त निचोडलाई प्रस्तुत गरी यस शोध अध्ययनबाट आगामी दिनमा यस विषयसँग सम्बन्धित रही शोध कार्य गर्ने व्यक्ति तथा संघ संस्थालाई सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शि.अ.संघको भूमीकाले आगामी दिनमा यससँग सम्बन्धित नीति निर्माण तयार गर्ने संघ, संस्थालाई समेत उपयोगी हुने छ भन्ने आशा राखेको छु । साथै सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शि.अ.संघको भूमिका विषयक शोधकार्य गर्ने व्यक्तिहरूलाई भावी दिनमा यस शोध कार्यसँग सम्बन्धित निम्न लिखित शीर्षकमा अनुसन्धान गर्न सहयोग पुग्ने आशा गरिएको छ ।

क) प्रभावकारी संचार व्यवस्था कायम गरी विद्यालयको गतिविधिमा अभिभावकहरू सहभागि गराउने

ख) विद्यालयका सरोकारवालाहरू बीच विभिन्न विषयमा देखा परेका द्वन्द्वलाई समय मै समाधान गर्ने

ग) विद्यालयलाई विभिन्न किसिमका राजनीतिक चलखेलबाट मुक्त राख्नु पर्ने ।

घ) शि.अ.सघंको नियमित वैठक बस्ने र सो वैठकमा आवश्यक सुझावहरू आदान प्रदान गर्ने ।

ङ) विभिन्न पक्ष जस्तै अभिभावक, शिक्षक, विद्यार्थीहरूसँग छुट्टा छुट्टै भेटी उनीहरूको जिज्ञासा र सुझावहरू संकलन गर्ने ।

# सन्दर्भग्रन्थ सूचि


अधिकारी र साथीहरू (२०६५), *शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल, इपम्यान,* काठमाडौँ : कीर्तिपुर ।

काफ्ले र साथीहरू (२०६५), *शिक्षाको वित्तशास्त्र,* काठमाडौँ : सनलाई पब्लिकेशन

काफ्ले र साथीहरू (२०६०), *शैक्षिक योजना,* काठमाडौँ : भूडिपुराण प्रकासन, बागबजार

कोइराला, सिताराम (२०६२), *शिक्षा प्रकासनका आयमहरू,* काठमाडौँ : सोपान मासिक, डिल्लीबजार ।

खड्का, शेरजङ्ग (२०६२), *व्यवस्थापनका सिद्धान्तहरू,* काठमाडौँ : निमा पुस्तक प्रकासन ।

खतिवडा, चैतन्य (२०६६), *विद्यालय सुधार योजना र प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धि,* इन्द्रपुर मोरङ : सुकुना बहुमुखी क्याम्पस, एम.एड. दोस्रो वर्ष, अप्रकाशित शोधपत्र ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ ।

शर्मा, एम्. आर्(२०७२) *शिक्षक सेवा  आयोग परीक्षा सारथी* , काठमाडौँ : गुडविल प्रकाशन(

शर्मा, गोपिनाथ (२०५८), *नेपालमा शिक्षा आयोगको प्रतिवेदनहरू,* काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलीसडक ।

डागी, योगेन्द्र (२०६८), *सामुदायिक विद्यालयमा सामाजिक परीक्षण,* इन्द्रपुर मोरङ : सुकुना बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र ।

तामाङ, गोविन्द (२०६६), *सामुदायिक विद्यालयमा आर्थिक पारदर्शिताको लागि सामाजिक परीक्षण,* इन्द्रपुर मोरङ : सुकुना बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र ।

राई,कौशलकुमार  (२०६२), *सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको महत्व,* इन्द्रपुर मोरङ : सुकुना बहुमुखी क्याम्पस, एम.एड. दोस्रो वर्ष, अप्रकाशित शोधपत्र ।

**अनुसूची १**

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शि.अ.संघको भूमिका

## अभिभावकहरुका लागि प्रश्नावली

**नामः** **पद :**

**विद्यालय**

**तलका वहुबैकल्पिक प्रश्नहरूको ठीक उत्तरमा (√ ) चिन्ह लगाई सहयोग पुऱ्याइ दिनुहुन अनुरोध गर्दछु ।**

१. तपाईलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) पूर्णरुपमा थाहा छ ख) थाहा छ ग) अलिअलि थाहा छ घ) थाहा छैन

२. सामाजिक परीक्षण गर्ने जिम्मेवारी कसको हुन्छ ?

क) शिक्षक ख) प्र.अ. ग) शि.अ. संघ घ) वि.व्य.स.

३. तपाईको विद्यालयमा सामाजिक परीक्षण गर्ने गरेको छ ?

क) छ ख) छैन ग) कहिले काही घ) थाहा छैन

४. तपाईको विद्यालयमा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ ?

क) छैन ख) छ ग) थाहा छैन घ) कहिलेकाही

५. तपाईको विद्यालयमा सामाजिक परीक्षणमा शि.अ. संघको कस्तो भूमिका रहन्छ ?

क) सक्रिय ख) निस्कृय ग) वास्ता गर्दैन घ) थाहा छैन

६. तपाईको विद्यालयमा सामाजिक परीक्षणमा के के परीक्षण गर्ने गर्दछ ?

क) आर्थिक ख) शिक्षकको मूल्याङ्कन

ग) थाहा छैन घ) सम्पूर्ण शैक्षिक र भौतिक क्रियाकलाप

७. सामाजिक परीक्षणका सुझावहरू कार्यान्वयन गरे नगरेको अनुगमन कसले गर्नुपर्छ ?

क) वि.व्य.स. अध्यक्ष ख) प्र.अ. ग) शि.अ. सघंको अध्यक्ष घ) स्रोत व्यक्ति

८. सामाजिक परीक्षणमा देख्नुभएको प्रमुख चुनौती के हुन सक्छ ?

क) जानकारीको अभाव ख) सरोकारवालाहरूको उदासीनता

ग) अ.शि. संघको निस्क्रियता घ) वि.व्य.स.को निस्क्रियता

९. सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन तपाई विद्यालय जानु हुन्छ ?

क) जान्छु ख) जाँदिन ग) वास्ता गर्दिन घ) भ्याउँदिन

१०. तपाईको विचारमा सामाजिक परीक्षणमा शि.अ. संघले सक्रिय भूमिका खेल्न सकेको छ ?

क) छैन ख) राम्रो ग) अति राम्रो घ) सामान्य

## अनुसूची २

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शि.अं संघको भूमिका

## शिक्षकहरुका लागि प्रश्नावली

**नामः** **पद :**

**विद्यालय**

**तलका वहुबैकल्पिक प्रश्नहरूको ठीक उत्तरमा (√ ) चिन्ह लगाई सहयोग पुऱ्याइ दिनुहुन अनुरोध गर्दछु ।**

१. तपाईलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) राम्ररी थाहा छ ख) अलि-अलि थाहा छ

ग) धेरै राम्रो थाहा छ घ) थाहा छैन

२. तपाईको विचारमा सामाजिक परीक्षण गर्नुपर्ने दायित्व कसको हुन्छ ?

क) प्र.अ. ख) वि.व्य.स. ग) शि.अ संघघ) शिक्षक

३. विद्यालयको गतिविधी बारे तपाइलाई शि.अ संघका अध्यक्षले जानकारी गराउने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

४. विद्यालयको भौतिक जिन्सी चल-अचल सम्पति बारे शि.अ संघको अध्यक्षले जानकारी लिने गरेको तपाईलाई थाहा छ ?

क) छ ख) छैन ग) थाहा छैन

५. सामाजिक परीक्षणमा शि.अ संघका भूमिका कस्तो रहन्छ ?

क) सक्रिय ख) निस्क्रिय ग) थाहा छैन

६. सामाजिक परीक्षणको प्रतिवेदन तयार गर्ने गरेको छ ?

क) छ   ख) छैन   ग) थाहा छैन

७. शि.अ संघले सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ ?

क) छ   ख) छैन   ग) थाहा छैन

८. सामाजिक परीक्षणले विद्यालयको शैक्षिक सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

क) राम्रो   ख) अति राम्रो   ग) नराम्रो   घ) थाहा छैन

९. सामाजिक परीक्षणको सुझाव कार्यान्वयन गर्न गराउन शि.अ संघको भूमिका कस्तो रहेको छ ?

क) सक्रिय   ख) निस्क्रिय   ग) थाहा छैन

१०. सामाजिक परीक्षणको क्रममा तपाईहरूसँग शि.अ संघले सोधी खोजी गर्ने गरेको छ ?

क) छ   ख) छैन   ग) थाहा छैन ।

## अनुसूची ३

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा श.अ संघको भूमिका

## वि.व्य.स.अध्यक्षहरुका लागि प्रश्नावली

**नामः** **पद :**

**विद्यालय**

**तलका वहुबैकल्पिक प्रश्नहरूको ठीक उत्तरमा (√ ) चिन्ह लगाई सहयोग पुऱ्याइ दिनुहुन अनुरोध गर्दछु ।**

१. तपाईलाई सामाजिक परीक्षण बारे थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) अलि अलि

२. तपाईको विद्यालयमा शि.अ संघको अध्यक्षले सामाजिक परीक्षण बारे छलफलको लागि बैठक गर्छ ?

क) गर्दैन ख) गर्छ ग) थाहा छैन

३. तपाईहरूलाई सामाजिक परीक्षण गर्दा सामाजिक परीक्षण समितिले सोधपुछ गर्ने गरेको छ ?

क) थाहा छैन ख) गर्दैन ग) गर्छ

४. सामाजिक परीक्षण प्रतिवेदन तयार गरी शि.अ संघको अध्यक्षले सार्वजनिक गर्ने गराउने गरेको छ?

क) छ ख) कहिले काही ग) छैन घ) थाहा छैन

५. सामाजिक परीक्षण प्रतिवेदनका सुझावहरू शि.अ संघले गर्ने गराउने गरेको छ ?

क) छ ख) छैन ग) आंशिक घ) थाहा छैन

६. तपाईले सामाजिक परीक्षण गर्ने गराउनेमा शि.अ संघले कस्तो भूमिका लेखेको पाउनु भएको छ ?

क) निस्क्रिय ख) सक्रिय ग) सामान्य घ) थाहा छैन

७. शि.अ संघले विद्यालयको शैक्षिक उपलब्धि तथा भौतिक जिन्सी बारे तपाईहरूलाई सोधपुछ गर्ने गरेको छ ?

क) छैन ख) छ ग) थाहा छैन

८. भौतिक तथा जिन्सी सामानहरूको अभिलेखको खोजी निति गर्ने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

९. सरोकार वालाहरूसँग बसेर विद्यालयको गतिविधि बारे शि.अ संघ तथा वि.व्य.स. सँग छलफल गर्ने गराउने गरेको छ ?

क) छैन ख) थाहा छैन ग) कहिले काहि

१०. अभिभावक शिक्षक संघको अध्यक्षले अभिभावकहरूसँग विद्यालयको विविध गतिविधी बारे छलफल/ अन्तरक्रिया गर्ने गरेको छ ?

क) छ ख) छैन ग) थाहाँ छैन

## अनुसूची ४

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शि.अ संघको भूमिका

## प्र.अ.हरुका लागि प्रश्नावली

**नामः** **पद :**

**विद्यालय**

**तलका वहुबैकल्पिक प्रश्नहरूको ठीक उत्तरमा (√ ) चिन्ह लगाई सहयोग पुऱ्याइ दिनुहुन अनुरोध गर्दछु ।**

१. तपाईलाई सामाजिक परीक्षण बारे थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) अलिअलि थाहा छ ।

२. तपाइले तपाइको विद्यालयमा सामाजिक परीक्षण गराउनु भएको छ ?

क) छ ख) छैन ग) कहिले काही घ) नियमित छ

३. सामाजिक परीक्षण गर्ने कार्य कसको अध्यक्षतामा हुन्छ ?

क) वि.व्य.स. को अध्यक्ष ख) प्र.अ. ग) शिक्षक घ) अ.शि. संघको अध्यक्ष

४. तपाईको विद्यालयमा सामाजिक परीक्षण नियमित हुन्छ ?

क) कहिलेकाही ख) हुदैन ग) नियमित हुन्छ घ) थाहा छैन

५. तपाईको विद्यालयमा शि.अ संघका अध्यक्षले सामाजिक परीक्षण सार्वजनिक गर्ने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

६. सामाजिक परीक्षण गदा शि.अ संघका अध्यक्षले विद्यालयको चल अचल सम्पति बारे सत्य तथ्य खोज गर्ने गर्छ ?

क) गर्दैन ख) गर्छ ग) सामान्य सोधपुछ

७. सामाजिक परीक्षणबारे अभिभावकहरू कत्तिको चासो राख्दछन् ?

क) राख्दैनन् ख) राख्छन् ग) थाहा छैन

८. सामाजिक परीक्षण कार्यमा शि.अ संघको सक्रियता कस्तो रहन्छ ?

क) रहँदैन ख) सामान्य ग) धेरै

९. सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नु भएको प्रमुख चुनौतीहरू के के हुन सक्छ ?

क) जानकारीको अभाव ख) अभिमूखिकरणको अभाव ग) अभिभावकमा सचेतनाको कमी

१०. सामाजिक परीक्षणमा देखिएको समस्या समाधानका उपायहरू के कस्ता छन् ?

क) तालिम ख) सचेतना ग) अनुगमन घ) प्रोत्साहन

## अनुसूची ५

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शि.अ संघको भूमिका

## शि.अ संघका अध्यक्षहरूका लागि प्रश्नावली

**नामः** **पद :**

**विद्यालय**

**तलका वहुबैकल्पिक प्रश्नहरूको ठीक उत्तरमा (√ ) चिन्ह लगाई सहयोग पुऱ्याइ दिनुहुन अनुरोध गर्दछु ।**

१. तपाईलाई सामाजिक परीक्षण बारे थाहा छ ?

क) थाहा छैन ख) अलि-अलि थाहा छ ग) राम्रो थाहा छ

२. तपाईको विद्यालयमा सामाजिक परीक्षण गर्ने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

३. तपाईको विद्यालयमा सामाजिक परीक्षण गर्ने गराउने दायित्व कसको हो ?

क) प्र.अ. ख) वि.व्य.स. ग) शि.अ संघ

४. तपाईको विद्यालयमा सामाजिक परीक्षणको जवाफ देहिता कसले निर्वाह गर्ने गरेको छ ?

क) वि.व्य.स. ख) शि.अ संघ ग) प्र.अ.

५. तपाईको विद्यालयमा सामाजिक परीक्षण प्रतिवेदन कसबाट तयार गराउनु हुन्छ ?

क) प्र.अ. ख) शिक्षक ग) आफै

६. सामाजिक परीक्षण गर्ने दिन अभिभावकहरू कतिको आउँछन् ?

क) आउँदैनन् ख) थोरै ग) ठिकठिकै घ) धेरै

७. तपाईको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदनका सुझावहरू कतिको कार्यान्वयन गर्छन ?

क) गर्छन ख) आंशिक ग) गर्दैनन् घ) थाहा छैन

८. तपाईको विचारमा सामाजिक परीक्षणले अभिभावकहरूलाई विद्यालय प्रति जवाफदेहीताको बोध गराउनमा सहयोगी हुन्छ ?

क) हुन्छ ख) हुदैन ग) थोरै घ) थाहा छ

९. सामाजिक परीक्षणले आर्थिक पक्ष भन्दा बढी अन्य पक्षलाई बढी खोजी गरेको कुरामा तपाईलाई कस्तो लागेको छ ?

क) एक दम ठीक ख) सामान्य ग) बेठिक घ) थाहा छैन

१०. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नु भएको प्रमुख चुनौतीहरू के के हुन सक्छ ?

क) जानकारीको अभाव ख) अभिमुखिकरणको अभाव

ग) अभिमुखिकरणमा चेतनाको कमी

## अनुसूची ६

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शि.अ संघको भूमिका

## स्रोतव्यक्तिको लागि प्रश्नावली

**नामः** **पद :**

**स्रोत केन्द्र :**

**तलका वहुबैकल्पिक प्रश्नहरूको ठीक उत्तरमा (√ ) चिन्ह लगाई सहयोग पुर्‍याइ दिनुहुन अनुरोध गर्दछु ।**

१. तपाईलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) छैन ख) अलि-अलि छ ग) राम्ररी थाहा छैन घ) थाहा छ

२. सामाजिक परीक्षण गर्ने गराउने प्रमुख जवाफदेहिता कसको हो ?

क) प्र.अ. ख) शिक्षक ग) अ. शि. संघ घ) वि.व्य.स.

३. विद्यालयहरूमा सामाजिक परीक्षण गर्दा शि.अ संघको भूमिका कस्तो देख्नु भएको छ ?

क) उत्साहित ख) निस्क्रिय ग) औपचारिकता मात्र

४. प्र.अ. र वि.व्य.स.ले सामाजिक परीक्षणको सुझावहरू कार्यान्वयन गर्छन ?

क) गर्दैनन् ख) आंशिक ग) गर्छन घ) थाहा छैन

५. सामाजिक परीक्षण सार्वजनिक गर्ने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

६. सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावक कतिको विद्यालय आउँछन् ?

क) धेरै आउँछन् ख) सामान्य ग) आउदैनन् घ) बोलाउँदैनन्

७. सामाजिक परीक्षण प्रति वि.व्य.स.को कस्तो धारणा छ ?

क) सकारात्मक    ख) नकारात्मक    ग) वास्ता छैन

८. सामाजिक परीक्षणबाट स्थानीय समुदायको प्रतिक्रिया कस्तो रहन्छ ?

क) राम्रो    ख) नराम्रो    ग) थाहा छैन

९. तपाईको विचारमा सामाजिक परीक्षण बोझ हो ?

क) होइन    ख) हो    ग) थाहा छैन

१०. सामाजिक परीक्षणलाई प्रभावकारी कार्यान्वयनको लागि के गर्नु पर्छ ?

क) अभिमूखिकरण    ख) अनुगमन

ग) केही नगर्ने    घ) शिक्षा विभाग बाटै गर्ने

## अनुसूची ७

## सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा शि.अ संघको भूमिका

## समूह छलफलका लागि प्रश्नावली

**(अभिभावक, वि.व्य.स. अध्यक्ष, अ.शि. संघ अध्यक्ष, प्र.अ., शिक्षक र स्रोतव्यक्ति)**

१. तपाईको विचारमा सामाजिक परीक्षण किन गरिन्छ ?

२. तपाईको विचारमा सामाजिक परीक्षण गर्नु पर्ने आवश्यक छ ?

३. तपाईको विचारमा सामाजिक परीक्षण नियम सँगत भईरहेको छ ?

४. सामाजिक परीक्षणबाट विद्यालयको सुशासन सम्भव छ ? कसरी ?

५. सामाजिक परीक्षण समितिमा को को हुन्छ ?

६. सामाजिक परीक्षण समितिले के के को परीक्षण गर्नु पर्दछ ?

७. सामाजिक परीक्षण समितिको अध्यक्षको हुन्छ ?

८. सामाजिक परीक्षण गर्ने गराउनेमा प्रमुख भूमिका कसको हुन्छ ?

९. सामाजिक परीक्षण प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने गराउने कार्य कस्को दायित्व हो ?

१०. सामाजिक परीक्षण कार्यान्वयनका समस्याहरू के के छन् ?

११. सामाजिक परीक्षणको प्रतिवेदन समयमा स्रोतकेन्द्र र जि.शि.का.मा नआउँदा के कस्तो कारवाही हुन्छ ?

१२. तपाईको विचारमा सामाजिक परीक्षणले विद्यालयको सम्पूर्ण गतिविधीलाई पारदर्शि गर्न सक्षम हुन्छ ?

१३. सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू के के छन् ?